# २०५४ साल आषाढ २६ गते
# विहिबार संसदको बाह्रौं अधिवेशनमा
# अर्थ मन्त्री रवीन्द्र नाथ शर्माले
# दिनु भएको बजेट वक्तव्य

# आर्थिक बर्ष २०५४/५५

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ

**सम्माननीय सभामुख महोदय,**

१ राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाल सद्भावना पार्टी सम्मिलित संयुक्त सरकारको अर्थ मन्त्रीको हैसियतले यस सम्मानित संसदमा नवौं योजनाको पहिलो आर्थिक वर्ष २०५४।५५ को आय व्ययको अनुमान प्रस्तुत गर्न पाउंदा मलाई हर्ष एवं गौरबको अनुभूति भएको छ । आय व्ययको अनुमान प्रस्तुत गर्नु अघि सर्वप्रथम म यस अवसरमा प्रजातन्त्र प्राप्तिका क्रममा दिवंगत हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्र निर्माणको पुनीत कार्यमा संलग्न सम्पूर्ण नेपाली जनताप्रति अभिवादन गर्न चाहन्छु ।

२ यस सम्मानित सदन समक्ष मैले आर्थिक वर्ष २०५३।५४ को आर्थिक गतिविधि झल्काउने आर्थिक सर्भेक्षण पेश गरिसकेको छु । चालू आर्थिक वर्षका आर्थिक परिसूचकहरुको मूल्यांकन गर्दा समग्रमा मिश्रित उपलब्धि प्राप्त भएको देखिएको छ । कृषि एवं अन्य आर्थिक क्षेत्रहरुको उत्पादनमा आएको कमिबाट कूल गार्हस्थ उत्पादन विगत वर्षको भन्दा कम हुने अनुमान गरिएकोछ । आर्थिक वृद्धिदर पनि दक्षिण एशियाली राष्ट्रहरुको औषत आर्थिक वृद्धिदरको तुलनामा र गत वर्ष आय व्ययको अनुमान पेश गर्दा प्रक्षेपण गरिएको आर्थिक वृद्धिदर भन्दा केही कम छ ।

३ चालु आर्थिक वर्ष २०५३।५४ को राजस्व परिचालनको बृद्धिदर झण्डै २२.७ प्रतिशत राखिएको भएतापनि ११.९ प्रतिशतले मात्र बढ्ने अनुमान गरिएको छ । संशोधित अनुमान मध्ये २०५३ फागुन सम्ममा राजस्वको ५८ प्रतिशत संकलन भई वांकि ४ महिनामा ४२ प्रतिशतले संकलन हुने अनुमान छ ।

४ सरकारी क्षेत्रबाट गरिने विकास खर्चको समीक्षा गर्दा भने चालु आर्थिक वर्ष निराशाजनक रह्या । आर्थिक वर्ष २०५२।५३ को वास्तविक खर्चको झण्डै ३० प्रतिशतले विकास खर्चको विनियोजन बढाईएको भएतापनि वास्तविक विकास खर्च ६ प्रतिशतभन्दा पनि कम दरमा वढ्ने अनुमान छ । विदेशी अनुदान र ऋणको रकम पनि क्रमशः ५.१ र १०.७ प्रतिशतले मात्र बढ्ने देखिन्छ ।

५ गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा धेरै जसो मौद्रिक योगाङ्कहरुको वृद्धिदरमा कमी आएको देखिन्छ । आर्थिक वर्ष २०५२।५३ मा संकुचित र विस्तृत मुद्रा प्रदाय क्रमशः १०.६ प्रतिशत र १४.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५३।५४ मा क्रमशः ८.७ प्रतिशत र १२.० प्रतिशतले मात्र वढ्ने अनुमान छ । चालु आर्थिक वर्षको पूर्वार्धमा निजी क्षेत्रमा प्रवाहित हुने कर्जा अत्याधिक मात्रामा घटेको भएतापनि चैत्रदेखि स्थितिमा सुधार हुन थालेको छ ।

६ आर्थिक वर्ष २०५२।५३ मा ८.१ प्रतिशत वृद्धि भएको राष्ट्रिय उपभोक्ता मूल्य सूची आर्थिक वर्ष २०५३।५४ मा ८.० प्रतिशतले बृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षको २०५२ चैत्र देखि २०५३ जेष्ठसम्मको अवधिमा राष्ट्रिय उपभोक्ता मूल्य सूचि ५.१ प्रतिशतले वढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा ०.३ प्रतिशतले मुल्य घटेको देखिएको छ ।

७. यस आर्थिक वर्षको फागुन मसान्तको तुलनामा जेष्ठ मसान्तमा विदेशी संचिती १ अर्ब ७२ करोडले वृद्धि भै ४६ अर्ब ३३ करोड पुगेको प्रारम्भिक अनुमान छ । यो विदेशी विनिमय संचितिमा आएको वृद्धि २०५३ आषाढदेखि फागुनसम्ममा भएको वृद्धि भन्दा झण्डै दोव्वर छ ।

८. चालू आर्थिक वर्षमा देशको वाह्य क्षेत्र (External Sector) को प्रगति पनि मिश्रित देखिएको छ। गत आर्थिक वर्षको प्रथम नौ महिनामा कूल निर्यात ८.२ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षको सोही अवधिसम्ममा यसको वृद्धि दर १६.३ प्रतिशत पुगेको छ । त्यस्तै गत आर्थिक वर्षको प्रथम नौ महिनामा २२.२ प्रतिशतले बढेको कूल आयात यस वर्ष २५.६ प्रतिशतले वृद्धि हुन गएको छ । समीक्षा अवधिमा व्यापार घाटा २९ प्रतिशतले बढेको देखिएको छ । व्यापार घाटाको वृद्धिबाट चालु खाता घाटामा वृद्धि भएता पनि विदेशी पूंजी तथा सहायताको आप्रवाहबाट यो वर्ष शोधनान्तर बचत हुन जाने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको प्रथम ९ महिनामा करिव ६० करोडको शोधनान्तर वचत भएकोमा बांकी ४ महिनामा १ अर्ब १६ करोड थप भै यो आर्थिक वर्षमा १ अर्ब ७५ करोडको शोधनान्तर वचत हुने प्रारम्भिक अनुमान छ । पछिल्लो ४ महिनामा प्रत्यक्ष वैदेशिक लगानी र विविध पूंजीमा उल्लेखनीय वृद्धि भएको कारणबाट शोधनान्तर वचतमा वृद्धि हुन जाने अनुमान गरिएको हो ।

९. त्यस्तै वैदेशिक सहायताको प्रतिवद्धता तर्फ पनि उल्लेखमनीय रुपमा वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०५३।५४ मा विभिन्न मित्रराष्ट्र एवं दातृसंस्थाहरुसंग सम्झौता सम्पन्न भई वैदेशिक सहायताको प्रतिवद्धता रु.३९ अर्ब ६४ करोड पुगेको छ । पहिल्लो ४ महिनामा वैदेशिक सहायताको प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा झण्डै ८ प्रतिशतले वृद्धि भएको छ । वैदेशिक सहायताको प्रतिवद्धतामा बृद्धि हुनु मूलतः श्री ५ को सरकारले लिएको उदार आर्थिक नीति एवं सुधार कार्यक्रम प्रति अन्तर्राष्ट्रिय दातृ समूहको विश्वासको कारण हो भन्ने कुरामा दुईमत नहोला ।

१०. देशको आर्थिक अवस्थाको प्रगति केही क्षेत्रहरुमा सकारात्मक देखिएता पनि हाम्रो अर्थतन्त्रले धेरै चुनौतीहरुको सामना गर्नु परिरहेको कुरा कसैबाट छिपेको छैन । राजस्व संकलनमा आएको कमी, ओभरड्राफ्टमा वृद्धि, विकास कार्यक्रम संचालनमा उत्पन्न शिथिलता, कृषि क्षेत्र तथा गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा कमी, उद्योग क्षेत्रमा देखिएको शिथिलता, बचत दरमा रहेको कमी तथा बढ्दो व्यापारघाटा आजका मूख्य आर्थिक समस्या हुन । हुन त चालु आर्थिक वर्षमा आर्थिक संरचनामा भएको परिवर्तनको कारणले गर्दा विदेशी मुद्रा संचिति तथा निकासीमा वृद्धि, मूल्य वृद्धिमा कमी, चालु खाता घाटा र शोधनान्तर स्थितिमा सुधारका संकेतहरु देखिएता पनि आगामी वर्षहरुमा यस्तै स्थिति रहिरहन्छ भन्ने निश्चित छैन । अतः आर्थिक वृद्धि दरलाई उच्च पार्न, आयवितरणको असमानता र गरिबीलाई घटाउन एवं सीमित स्रोत र साधनको प्रभावकारी परिचालन गर्न आर्थिक स्थायित्व कायम गर्ने दिशातर्फ नै बजेट उन्मुख हुनु पर्दछ भन्ने मेरो धारणा रहेको छ ।

**सभामुख महोदय,**

११. हाम्रो देशको गरिबीको स्थिति तथा जनताका विकासका चाहनाहरुलाई दृष्टिगत गर्दा देश विकासको कार्यमा एकातिर छोटो अवधिमा बढिभन्दा बढी लगानी गरी गरिबी हटाउनु पर्ने आवश्यकता छ भने अर्कोतिर यसका निमित्त साधनको न्यूनता ठूलो बाधकको रुपमा रहेको छ ।

१२. देशको राष्ट्रिय आयको मुख्य अंश नै कृषिबाट प्राप्त हुने तथा देशका झण्डै ९० प्रतिशत जनताको जीवनयापनको आधार ग्रामीमण क्षेत्रको आर्थिक क्रियाकलापमा आधारित भएको तर यी क्रियाकलापका ठूलो भाग करको दायराभित्र नपरेको हुनाले राजस्व बढाउन कठिनाई भैरहेको छ । त्यसैगरी राजस्वको प्रमुख श्रोत रहिआएको आयात व्यापारको संरचनामा आउन लागेको परिवर्तनले यसबाट प्राप्त हुने राजस्वमा पनि नकारात्मक असर पर्न थालिसकेको छ । सरकारी संस्थानहरुको बिग्रंदो स्थितिले गर्दा प्राप्त हुनु पर्ने लाभांश, कर, सांवा–व्याज आदि पनि समयमा प्राप्त हुन सकिरहेका छैनन् ।

१३. राजस्व वृद्धि नगरीकन बजेट घाटा मात्र बढाई सरकारी खर्च बढाउंदा क्षणिक फाईदा होला तर यसबाट अर्थतन्त्रमा प्रत्युत्पादक असर पर्छ भन्ने कुरा धेरै विकासशील देशहरुको अनुभवबाट प्रष्ट भै सकेको छ । बिस्तारकारी बजेटले मुद्रास्फिती र आयात बढाउने, उत्पादकत्व घटाउने, मुद्राको अवमूल्यन हुने र लगानीमा प्रतिकूल असर पर्ने मात्र नभई गरीब जनतालाई सबभन्दा बढी आहत गर्ने हुनाले यस्तो बजेटबाट अन्ततोगत्वा आर्थिक वृद्धिदर घट्ने र गरीबी बढ्न जाने हुन्छ ।

१४. यस अवस्थामा आन्तरिक र वाह्य साधनको होसियारीपूर्वक परिचालन गरी प्राप्त सीमित साधनलाई उच्च प्रतिफल प्राप्त हुने र गरीब जनताको जनजीवनमा प्रत्यक्ष योगदान पुचाउने परियोजनामा खर्च गर्ने, सरकारको उपभोग खर्चमा नियन्त्रण गर्ने तथा निजी क्षेत्रले आफ्नो सीप, साधन र स्रोतलाई बढिभन्दा बढी परिचालन गराउन सक्ने वातावरणको श्रृजना गर्ने उद्देश्यले यो बजेटलाई यथासम्भव वास्तविकतामा आधारित गरी तर्जुमा गर्ने प्रयास गरेको छु । मूलतः संभाव्यता अध्ययनबाट लगानी योग्य नदेखिएका र वैदेशिक सहयोगमा संचालन गर्न प्रस्ताव गरिएका तर दातृ निकायको प्रतिवद्धता नभएका आयोजनाहरु, त्यस्तै अर्थतन्त्रले धान्न नसक्ने अनुदान तथा अनुत्पादक कार्यक्रमहरुलाई यस बजेटमा सकेसम्म समावेश नगर्ने नीति अवलम्बन गरेको छु । बजेटमा समावेश भएका तर सम्भाव्यता अध्ययन हुन बांकी आयोजनाहरुमा विनियोजित रकमलाई ती आयोजनाहरुको विस्तृतरुपमा अध्ययन पूरा भएपछि मात्र निकासा दिने व्यवस्था मिलाएको छु ।

**सभामुख महोदय,**

१५. आगामी आर्थिक वर्ष २०५४।५५ को आय व्ययको अनुमान तयार गर्दा माथि उल्लेखित अवधारणालाई मनन गरी वर्तमान संयुक्त सरकार गठन हुंदा जारी गरिएको बीस सूत्रीय लक्ष्य तथा नीति, श्री ५ महाराजाधिराज सरकारबाट शाही संवोधन मार्फत बक्स भएको नीति तथा कार्यक्रम र नवौं योजनाको आधार पत्रमा उल्लेख भएका उद्देश्यहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । त्यस्तै बजेट तर्जुमाका समयमा तथा माननीय सांसदहरुबाट बेला बेलामा व्यक्त भएका सुझावहरु, देशका अर्थविद्, वुद्धिजीवी एवं विभिन्न क्षेत्रका महानुभावहरु, विभिन्न दातृराष्ट्र एवं संघसंस्थाबाट प्राप्त सुझावहरु समेतलाई थप मार्गदर्शनको रुपमा लिई आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु निम्न बमोजिम कायम गरेको छु :

(क) उदारीकरण र बजारमुखी अर्थव्यवस्थालाई व्यापक र सुदृढ बनाउंदै लगी उच्च आर्थिक विकासको व्यवधानहरुलाई हटाउने,

(ख) आर्थिक विकासको प्रकृयालाई दिगो र दरिलो बनाउन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक अनुशासनमा जोड दिने,

(ग) विपन्न एवं साधनविहीन जनताको जीवनस्तर अभिवृद्धि गर्न गरिबी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्यक्रमहरु सन्चालन गर्ने,

(घ) जनसहभागितामूलक विकास एवं ग्रामीण सशक्तिकरणको माध्यमबाट ग्रामीण क्षेत्रलाई विकासको केन्द्रविन्दुको रुपमा रुपान्तरण गर्ने ।

## (क) <u>उदारीकरण र बजारमुखी अर्थ व्यवस्थालाई व्यापक र सुदृढ बनाउँदै लगी उच्च आर्थिक विकासको व्यवधानहरुलाई हटाउने :</u>

१६. स्पष्ट प्राथमिकतामा आधारित आर्थिक रणनीति बिनाको साधन विनियोजनले बिगतमा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक वृद्धिदर खासै उच्च पार्न सकेन । तसर्थ सरकारले आगामी आर्थिक वर्षमा ग्रामीण क्षेत्रमा विकासको लहर उत्पन्न गर्न कृषि विकासमा जोड दिने छ । त्यस्तै, गैरकृषि क्षेत्रमा उच्च एवं दिगो वृद्धिदर हासिल गर्न हाल अपनाई आएको खुला एवं बजारमुखी अर्थ व्यवस्थालाई अझ प्रभावकारी एवं व्यापक बनाइनेछ ।

१७. कृषि क्षेत्रको वृद्धिदर उच्च बनाई समग्र आर्थिक विकासलाई गति दिन कृषि क्षेत्रको व्यवसायिकरणमा जोड दिई दीर्घकालीन कृषि विकास योजना संचालन गरिनेछ । यस योजनाको सफल कार्यान्वयनबाट कृषि क्षेत्रमा हाल भैरहेको उत्पादन थप दुई प्रतिशत विन्दुले बढ्ने अपेक्षा गरिएको छ । कृषि क्षेत्रको यस्तो वृद्धिले गैर कृषि क्षेत्रको वृद्धिदरमा पनि सकारात्मक प्रभाव पारी आर्थिक वृद्धिदर उच्च पार्ने विश्वास मैले लिएको छु ।

१८. गैर कृषि क्षेत्र खास गरी उद्योग क्षेत्रको विकासको लागि उद्योलाई लगाइने करको दर ३३ प्रतिशतबाट घटाई २० प्रतिशत गरिसकिएको छ । यसका अतिरिक्त स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने, दुर्गम वा अविकसित क्षेत्रमा स्थापित एवं बढी प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्योगहरुलाई आयकरमा थप छुट प्रदान गरिनेछ । साथै "एकद्वार प्रणाली" लाई बढी क्रियाशील र प्रभावकारी बनाइने छ ।

१९. कर प्रणालीलाई न्यायोचित पार्न, करको भार कम गरी उत्पादन र व्यवसायको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्न तथा राजस्व संकलनमा स्वेच्छिक सहभागिताको वृद्धि गर्न आगामी आर्थिक वर्षमा करका दरहरुलाई सरलीकरण गर्ने, करको संरचनालाई उपयुक्त बनाउने, करको दायरा फराकिलो पार्ने एवं कर प्रशासनलाई सुदृढिकरण गरिनेछ । यसबाट उद्योग तथा व्यवसाय क्षेत्रको प्रवर्द्धनका निम्ति प्रोत्साहन हुने विश्वास लिएको छ ।

२०. उद्योग क्षेत्रको विकासको लागि नीतिगत सुधार गर्दै, टेक्नोलोजी पार्कको पूर्वाधार विकास, औद्योगिक प्रदूषण नियन्त्रण र अत्यावश्यक व्यवसायिक एवं प्राविधिक सूचना प्रवाह गर्ने कार्यहरुलाई अरु प्रभावकारी बनाइने छ ।

२१. विदेशी पूंजी एवं लगानीलाई आकर्षण एवं प्रवर्द्धन गर्न विद्यमान प्रशासनिक व्यवधानलाई हटाउँदै कर प्रणालीलाई सुधार गरी अझ बढी सरलीकरण गरिने छ । पर्यटन, जलश्रोत, संचार जस्ता राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको प्रवर्द्धनका निम्ति बैंक तथा वित्तीय संस्थाहरु मार्फत् अन्तर्राष्ट्रिय बजारबाट पूंजी परिचालन गर्न आगामी आर्थिक वर्षमा आवश्यक व्यवस्था मिलाइनेछ । यी क्षेत्रहरुमा निजी क्षेत्रलाई अरु बढी सहभागी गराउन सुधारका थप उपायहरु अवलम्बन गरिनेछन् ।

२२. स्वदेशी व्यापारलाई प्रतिस्पर्धात्मक बनाउन विश्व व्यापार प्रणालीको ८० प्रतिशत भन्दा बढी हिस्सा ओगटेको विश्व व्यापार संगठनको सदस्यता लिने तर्फ पहल गरिसकिएको छ ।

२३. अन्तर्राष्ट्रिय व्यापारलाई सुगम र गतिशील बनाई पारवहन खर्चमा कटौती गर्ने एवं ढुवानी व्यवस्थामा सरलीकरण गरी नेपालको वैदेशिक व्यापार अभिवृद्धि गर्ने उद्देश्यले आगामी आर्थिक वर्षदेखि वीरगन्जमा भूपरिवहन मालवाहक केन्द्रको निर्माण शुरु गरिने छ । यस्ता केन्द्रहरु भैरहवा, विराटनगर लगायतका अन्य भंसार विन्दुहरुमा समेत क्रमशः निर्माण गर्दै लगिनेछ ।

२४. परम्परागत एवं नयां निर्यातयोग्य वस्तुहरुको गुणात्मक तथा परिमाणात्मक विकास गर्दै नयां बजारहरुको पहिचानको कार्य गरिनेछन् । साथै निर्यात प्रवर्द्धन समिति मार्फत दीर्घकालीन निर्यात नीति तर्जुमा, वस्तु विकास एवं बजार प्रवर्द्धन, निर्यात स्थायिकरण एवं विविधिकरण तथा गुणस्तर विकास विभिन्न कार्यक्रम संचालन गरिनेछन् ।

२५. निर्यात बढाउने क्रममा निर्यातयोग्य उद्योगको लागि चाहिने कच्चा पदार्थहरु बैंक ग्यारेन्टीबाट झिकाउन पाउने व्यवस्था हाल केही वस्तुहरुमा मात्र सीमिति भएकोमा आगामी आर्थिक वर्षदेखि यसलाई विस्तृत बनाइनेछ ।

२६. तेल, चामल, पीठो जस्ता नेपालमा उत्पादित केही कृषिजन्य वस्तुको निकासीमा रहेको परिमाणात्मक वन्देजको कारणबाट यस्ता वस्तु उत्पादनकर्ता किसानहरुलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त हुन नसकेकोले यस्ता वस्तुको निकासीमा लागीआएको परिमाणात्मक वन्देज हटाइएको छ । चोकर, पिना, ढुटो इत्यादिको निकासीमा लगाइएको भंसार घटाई थप सुविधा प्रदान गरिने छ । निकासीयोग्य कृषिजन्य जस्तुहरुको व्यवसायिक खेतीको विकास तथा प्रशोधन गर्न सहुलियत दरमा कृषि विकास बैंक मार्फत दिइने ऋण सुविधा आगामी आर्थिक वर्षमा वृद्धि

गरिने छ । यस सिलसिलामा साना सिंचाईको लागि आवश्यक डिजेल पम्पसेट लगायत अन्य कृषि उपकरणहरुको आयातमा सुविधा प्रदान गरिनेछ ।

२७. पर्यटन व्यवसायलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय बनाई अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई पर्यटन गन्तव्य स्थलको रुपमा स्थापित गर्न राष्ट्रिय अभियानको रुपमा शुरु गरिएको नेपाल भ्रमण वर्ष १९९८ कार्यक्रम सफल पार्दै सन् १९९८ मा ५ लाख भन्दा बढी पर्यटकलाई नेपाल भित्र्याउने लक्ष राखिएको छ । यसका निम्ति विदेशस्थित नेपाली कूटनैतिक नियोगहरुको परिचालन, प्रवर्द्धनात्मक कार्यक्रम संचालन, आधारभूत सेवाहरुको विकास, आन्तरिक पर्यटन प्रवर्द्धन, पर्यटन क्षेत्रको सरसफाई, निजीक्षेत्रको सक्रियतामा हवाई सीट संख्यामा वृद्धि तथा चार्टर्ड सेवालाई सरलीकरण गर्ने जस्ता विविध कार्यक्रमहरु योजनावद्धरुपमा संचालन गरिनेछन् । यी कार्यक्रमहरुबाट गुणस्तरीय पर्यटन प्रवर्द्धनमा अनुकूल र दीर्घकालीन असर पर्न गई रोजगारीका थप अवसरहरु श्रृजना हुने विश्वास लिएको छु ।

२८. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण र क्षमता विस्तार गर्न आगामी आर्थिक वर्षदेखि राडारको सेवा उपलब्ध गराई टर्मिनल भवन लगायत अन्य सुविधाहरुको निर्माण एवं विस्तारको कार्य प्रारम्भ गरिनेछ । देशको पर्यटन प्रवर्द्धनका निम्ति लुम्बिनीमा दोश्रो अन्तर्राष्ट्रिय विमान स्थलको स्थापनाका लागि सम्भाव्यता अध्ययन शुरु गरिने छ ।

२९. चालु आर्थिक वर्षमा महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धी संसदबाट पारित भई मित्रराष्ट्र भारतसंग यस सम्बन्धी कागजपत्र आदान प्रदान भइसकेकोले यसको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य निकट भविष्यमा हुनेछ । त्यस्तै विदेशमा विद्युत निकासी गर्ने गरी ७५० मेगावाट क्षमताको पश्चिमसेती जलविद्युत आयोजना निजी क्षेत्रबाट सन्चालन गर्ने कुरालाई अगाडि बढाइएको छ ।

३०. संस्थानहरुको कार्यप्रकृति, एकाधिकारको स्थिति, नाफा नोक्सानको अवस्था, थप पूंजी लगानीको आवश्यकता, प्रविधि परिवर्तन एवं निजी क्षेत्रको लगानीको संभावनाका साथै सामाजिक दायित्व वहन जस्ता मापदण्डका आधारमा निजीकरणको निम्ति योग्य देखिएका संस्थानहरुको निजीकरण गरिनेछ । निजीकरण कार्यक्रमको प्रतिफल बढीभन्दा बढी जनताले उपभोग गर्ने वातावरण श्रृजना गर्नका निम्ति आवश्यक प्रकृयागत एवं संस्थागत सुधार गरिनेछ । विगतमा निजीकरण गरिएका संस्थानहरुको कार्य प्रगतिको नियमित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाइनेछ ।

३१. तत्काल निजीकरण गर्न सम्भव नदेखिएका एवं श्री ५ को सरकारकै स्वामित्वमा अझ केही वर्ष संचालन हुने सार्वजनिक संस्थानहरुमा देखिएको विसंगतिहरुलाई निरुत्साहित गर्दै लगिनेछ । यस सिलसिलामा यस्ता संस्थानहरुको व्यवस्थापन पक्षमा सुधार गरी व्यवसायिक रुपमा सक्षमतापूर्वक संचालन गर्ने एवं नियमितरुपमा कार्य प्रगतिको अनुगमन एवं मूल्यांकन गर्ने व्यवस्था मिलाइने छ ।

३२. अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख गराउन केन्द्रीय बैंक एक स्वायत्त संस्थाको रुपमा रहनु अपरिहार्य हुने हुंदा नेपाल राष्ट्र बैंकलाई मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयनमा अझ बढी स्वायत्तता दिने तर्फ यस आर्थिक वर्षमा आवश्यक व्यवस्था मिलाइने छ ।

३३. धितोपत्र बजारको वर्तमान अवस्था सन्तोषजनक नदेखिएकोले विगतमा अवलम्बन गरिएका व्यवस्थाहरुको पुनर्मूल्यांकन गरी पूंजीबजारको विकास सम्बन्धी अध्ययन तुरुन्त प्रारम्भ गरिनेछ । यसका अतिरिक्त यस क्षेत्रको पुनर्उत्थानका निम्ति संस्थागत लगानीकर्ताहरुको प्रवेश एवं सहभागितामा वृद्धि, संयुक्त क्षेत्रमा समेत युनिट ट्रष्ट, म्यूचुअल फण्ड जस्ता अप्रत्यक्ष लगानी संवाहकको प्रवेश गराउने तथा विदेशी लगानी कर्ताहरुका लागि स्टक एक्सचेन्ज खुल्ला गर्ने कार्यलाई अगाडि बढाउँदै लगिनेछ ।

३४. सरकारी स्वामित्वमा संचालित वाणिज्य बैंकहरुमा असूली हुन नसक्ने कर्जाको रकम धेरै हुन गएबाट यिनीहरुको कर्जा लगानी क्षमतामा ह्रास हुन गई उद्योग एवं व्यवसायिक क्षेत्रमा समेत नकारात्मक प्रभाव परेको छ । अतः बैंकहरुको कर्जा असूलीलाई प्रभावकारी बनाउन ऋण असूली सम्बन्धी विधेयक संसदमा चाँडै नै पेश गरिनेछ । साथै, सरकारी स्वामित्वमा संचालित वाणिज्य बैंकहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न व्यवस्थापनमा सुधार गर्दै स्वामित्वमा निजी क्षेत्रको अशमा क्रमशः वृद्धि गरिंदै लगिनेछ । त्यस्तै ग्रामीण विकास बैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमको पूंजीको आधारलाई फराकिलो पारिनेछ ।

३५. वाणिज्य बैंक तथा वित्त कम्पनीहरुको कार्य क्षेत्र उपत्यका बाहिर विस्तार गर्न एवं निजी क्षेत्रको सहभागितामा विकास बैंक स्थापना गर्न प्राथमिकता एवं प्रोत्साहन दिइनेछ । ग्रामीण क्षेत्रमा रहेको बचत परिचालन गर्न र ग्रामीण क्षेत्रमा बैंकिंङ० सुविधा उपलब्ध गराउन वाणिज्य बैंकहरु तथा कृषि विकास बैङ्कलाई प्रोत्साहित गरिनेछ । हुलाक बचत बैंकको कार्यक्षेत्रमा विस्तार गरी अझ प्रभावकारी बनाइने छ ।

३६. विपन्न वर्ग तथा न्यून आय भएका कृषक, उद्यमी तथा व्यवसायीहरुलाई वाणिज्य बैंक र विकास बैंकहरुबाट सोझै स–साना ऋण उपलब्ध गिराउंदा बैंकहरुको संचालन लागत बढ्न जाने हुन्छ । अतः कम खर्चमा कर्जा प्रवाह गर्न

सक्ने संगठित वा असंगठित क्षेत्रका स्थानीय वित्तीय मध्यस्थकर्ताहरुको पहिचान गरी त्यस्ता सक्षम मध्यस्थकर्तालाई वाणिज्य बैंक तथा विकास बैंकबाट थोक बैंकिङ्ग ऋण (Wholesale Banking Loan) उपलब्ध गराइने व्यवस्था आगामी आर्थिक वर्षदेखि शुरु गरिनेछ । यसका निम्ति आवश्यक कानूनी व्यवस्था गर्न सम्मानित संसद समक्ष चांडै विधेयक प्रस्तुत गरिनेछ ।

३७. विभिन्न वित्तीय संस्थाहरुबाट बजारमा साख उपकरणहरु प्रयोगमा ल्याइएको सन्दर्भमा यी साख उपकरणहरुमा सर्वसाधारणद्वारा गरिने लगानी रकमलाई सुरक्षा प्रदान गर्ने उद्देश्यले सम्बन्धित वित्तीय संस्थाहरु तथा ती संस्थाहरुले निष्काशन गर्ने साख उपकरणहरुको मूल्यांकन (Credit Ration Rating_ गर्न आवश्यक संस्थागत संरचना विकासको निम्ति कार्य प्रारम्भ गरिनेछ । वित्तीय संस्थाहरुको अनुगमनलाई पनि प्रभावकारी बनाइनेछ ।

३८. वित्तीय साधनको मितव्ययी, सक्षम तथा प्रभावकारी परिचालन गरी बैंकहरुको वित्तीय स्थिति मजबुत बनाइनेछ । बैंकहरुबाट श्री ५ को सरकारको जमानतमा प्रवाह भएका कर्जाहरुको सांवा र व्याज तदारुकताका साथ क्रमशः फिर्ता गर्दै लगिनेछ । यसका साथै श्री ५ को सरकारको जनमानतमा कर्जा प्रवाह नगर्ने नीतिको कडाइका साथ अनुशरण गरिनेछ ।

३९. केही समय यता निजी क्षेत्रमा पर्याप्त कर्जा प्रवाह हुन नसकी निजी क्षेत्रको आर्थिक क्रियाकलापमा वृद्धि हुन नसकेको देखिंदा आगामी आर्थिक वर्षमा यस्तो अवस्थाको सृजना हुन नदिइ निजी क्षेत्रमा यथेष्ट रुपमा कर्जा प्रवाह गराउन विभिन्न मौद्रिक उपायहरु अवलम्बन गरिने छन् ।

४०. अर्थतन्त्रलाई बढी प्रतिस्पर्धात्मक बनाउने सिलसिलामा पूंजी खाताको कारोबार पनि क्रमशः पूर्ण परिवर्त्यताको दिशातर्फ उन्मुख गराउने हेतुले आगामी आर्थिक वर्षमा आवश्यक अध्ययन कार्य प्रारम्भ गरिनेछ ।

**(ख) आर्थिक विकासको प्रकृयालाई दिगो र दरिलो बनाउन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक अनुशासनमा जोड दिने:**

४१. आर्थिक सुधारका कार्यक्रमलाई निरन्तरता दिन, आर्थिक विकासको वृद्धिदर उच्च, दिगो एवं दरिलो बनाउन तथा निजी तथा विदेशी लगानीलाई आकर्षण गर्ने वातावरण श्रृजना गर्न आर्थिक स्थायित्व कायम रहनु अति जरुरी हुन्छ । आर्थिक स्थायित्व कायम गर्न बजेट घाटा, आन्तरिक ऋण र चालु खाता घाटा वान्छित सीमाभित्र रहनु पर्ने, त्यस्तै मूल्य तथा मुद्राप्रदाय नियन्त्रणमा रहनु पर्ने तथा बचत र लगानीलाई वृद्धि गर्नु पर्ने हुन्छ ।

४२. बजेट घाटा तथा आन्तरिक ऋण कम गर्न श्री ५ को सरकारले आगामी आर्थिक वर्षमा राजस्वमा वृद्धि गर्ने, कर चुहावटमा नियन्त्रण गर्ने तथा अनुत्पादक खर्चमा कटौती गर्ने तर्फ विशेष कदमहरु चाल्नेछ । राजस्व वृद्धि गर्न करको दायरालाई फराकिलो पारी आयकर र मूल्य अभिवृद्धि करलाई राजस्व परिचालनको मुख्य अंगको रुपमा क्रमशः विकसित गर्दै लगिने छ । आगामी आर्थिक वर्षमा अन्य करहरुको क्षेत्रमा पनि व्यापक सुधार गरिनेछ । राजस्व चुहावटलाई नियन्त्रण गर्न आगामी आर्थिक वर्षको शुरुदेखि नै तथ्यांक, सूचना प्रणाली तथा कर निर्धारणको आधारलाई वैज्ञानिक बनाई कर अनुगमन व्यवस्थालाई सुदृढ गरिनेछ ।

४३. भंसार प्रशासन तर्फ शुरु गरिएको कम्प्यूटर जडित सूचना प्रशोधन व्यवस्थालाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने छ । यस कार्यबाट थप आयकर दाताको पहिचान गर्न, विदेशी मुद्राको सम्भामिवत अपचलन रोक्न तथा भंसार राजस्व बढाउन मद्दत पुग्ने विश्वास गरिएको छ । वस्तुहरुको मूल्यांकनलाई बढी पारदर्शी र समसामयिक बनाउन भंसार प्रयोजनका निमित्त कारोवार मूल्यलाई आधार बनाइने छ । भंसार छल्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने तथा आयात गरिने वस्तुहरुको परिमाण, मूल्य तथा गुणस्तरको भरपर्दो रुपमा अनुगमन गर्ने उद्देश्यले आयात हुनु अगावै पूर्व परिवहन निरीक्षण (Pre-shipment Inspection) को व्यवस्था क्रमशः लागू गरिने छ ।

४४. आयोजना एवं विकास प्रशासनमा सुधार गर्ने सिलसिलामा राष्ट्रिय योजना आयोगको संलग्नतामा आगामी आर्थिक वर्ष २०५४।५५ देखि बजेट तथा कार्यक्रम तर्जुमाको कार्य पौष महिनाको पहिलो हप्ताबाटै शुरु गरिनेछ । यसका अतिरिक्त परियोजना छनौट तथा अनुगमन/मूल्यांकनको कार्यमा राष्ट्रिय योजना आयोगलाई बढी सक्रिय बनाइने छ । अर्थ मन्त्रालयलाई त्रिवर्षीय चक्र प्रणालीका आधारमा बजेट तर्जुमा गर्ने कार्य गराइने छ । बजेटको मध्यावधि मूल्यांकन समयमा नै गरी यसको आधारमा बजेट व्यवस्थापन गरिने छ ।

४५. प्राथमिकता प्राप्त परियोजनाहरुलाई विनियोजन गरेको रकम समयमा नै निकासा दिने र निकासा भएको रकम पनि समयमै खर्च गरी कार्य सम्पन्न गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । वैदेशिक सहायतामा संचालित परियोजनाहरुमा खर्च भएको रकम समयमा सोधभर्ना लिन नसक्नाले वित्तीय सन्तुलनमा नकारात्मक प्रभाव परिरहेको छ । तसर्थ समयमा नै वैदेशिक सहायता प्राप्त गर्न तथा निकासा र सोधभर्ना बीच समन्वय ल्याई कार्य गर्न सम्बन्धित मन्त्रालय एवं परियोजना प्रमुखहरुलाई उत्प्रेरित र सचेत गराइनेछ ।

४६. साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्न विशिष्ट व्यक्तिहरुको विदेश भ्रमण, मन्त्रीहरुको सुविधा र अनावश्यक भोजभतेरमा नियन्त्रण जस्ता मितव्ययिताका कार्यक्रमहरुलाई अझ कडाईकासाथ लागू गरिनेछ । अध्ययन, अनुसन्धान एवं सुझाव संकलन जस्ता कार्यहरु गर्न भइरहेका सरकारी निकायहरुलाई नै क्रियाशील बनाई कार्यदल वा समिति गठन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

४७. सरकारी कार्यदलहरुमा प्रयोग हुने टेलिफोन, स्टेशनरी, धाराविजुली आदि सेवाहरुको प्रयोग सम्बन्धमा चालू आर्थिक वर्षमा तयार गरिएको मापदण्डलाई आगामी आर्थिक वर्षदेखि लागू गरिनेछ । यस बाहेक अन्य सेवाहरुको उपयोग समेतमा निश्चित मापदण्ड बनाइने छ । खर्चका आधारमा निकासा गर्दै लग्ने परिपाटी कायमै राखी साल तमामीको बेलामा मात्र कार्यक्रम संशोधन गर्ने, रकमान्तर गर्ने, निकासा एवं खर्च गर्ने तथा अनावश्यक पेश्की/दिने प्रथालाई निरुत्साहित गरिनेछ । विभिन्न निकायलाई दिइने अनुदानलाई कार्यक्रम र खर्चको प्रगतिसंग आबद्ध गरी बजेट निकासा गरिनेछ । आर्थिक अनुशासन कायम राख्न लेखा परीक्षणलाई अनिवार्य बनाइने छ ।

४८. रासायनिक मल र पेट्रोलियम पदार्थ, त्यस्तै लघुकर्जा प्रवाह र स्यालो ट्युबेल जडान जस्ता विविध वस्तु एवं सेवाहरुको आपूर्तिमा निजी क्षेत्रको संलग्नतामा वृद्धि गर्दै लगी यस्ता वस्तुको वितरण र आपूर्ति सुलभ बनाइनेछ । हालको अनुदान व्यवस्थाले गरिबीका रेखामुनी रहेका तथा विपन्न जनतालाई खासै फाइदा पुगेको अनुभव हुन सकेको छैन । यस्ता क्षेत्रमा बढ्दै गएको अनुदानको व्यवस्थाले बजेटमा परेको चाप एवं वितरणमा देखिएको विसंगतिलाई निरुत्साहित गर्दै लगिनेछ । यसरी विभिन्न क्षेत्रमा दिइएका अनुदानको समीक्षा गरी आवश्यक नदेखिएका तथा देशको आर्थिक स्थितिले धान्न नसक्ने अनुदानलाई क्रमशः हटाइनेछ ।

४९. श्री ५ को सरकार आफैं वित्तीय अनुशासनमा बस्न नसकी विगतका वर्षहरुमा अनियन्त्रित रुपमा लिंदै आएको ओभरड्राफ्टको कारणबाट देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेकोले श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट रु..१ अर्ब भन्दा बढीको ओभरड्राफ्टको सीमा निर्धारण गर्न आवश्यक विधेयक यस सम्मानित सदनमा चांडै पेश गरिने छ । अर्थ मन्त्रालयले यो सिद्धान्तको आगामी आर्थिक वर्षको शुरुदेखि नै पालना गर्ने छ ।

५०. मूल्यमा स्थायित्व कायम गरी आर्थिक विकास गर्ने उद्देश्यले देशको मौद्रिक नीति सन्चालन गरिने छ । यस सिलसिलामा श्री ५ को सरकार र सरकारी संस्थानहरुमा जाने ऋण प्रवाहलाई नियन्त्रण गरी बैंकबाट जाने कर्जाको बढी भन्दा बढी अंश निजी क्षेत्रमा नै पुग्ने किसिमले मौद्रिक र वित्तीय नीतिहरु निर्देशित हुनेछन् ।

५१. शोधनान्तर स्थिति र चालु खाताको घाटा सन्दर्भमा यस आर्थिक वर्षमा देखिएको प्रगति आगामी आर्थिक वर्षमा पनि कायमै राख्न आवश्यक अनुगमन र विश्लेषणको कार्य गरिनेछ । त्यस्तै, राष्ट्रिय बचतको वृद्धि गर्न वैकिङ्ग सुविधामा वृद्धि गर्ने एवं व्याज दरलाई अझ बढी प्रतिस्पर्धात्मक बनाउने नीति लागू गरिनेछ । अन्य देशहरुको तुलनामा नेपालको राष्ट्रिय बचत ज्यादै कम भएको परिप्रेक्ष्यमा विदेशी लगानी भित्र्याउन गरिएको प्रयासलाई प्रभावकारी र नतिजामूलक बनाइने छ ।

**(ग) <u>विपन्न एवं साधनविहिन जनताको जीवनस्तर अभिवृद्धि गर्न गरिबी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्यक्रम सन्चालन गर्ने</u> :**

५२. देशका झण्डै ४५ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनी रहेको सन्दर्भमा गरिबी निवारणका लागि स्पष्ट र ठोस कार्यनीतिको तर्जुमा गरी त्यसको कार्यान्वयनबाट गरीब जनसमुदायको जीवनस्तरमा सुधार ल्याउनु आजको प्रमुख आवश्यकता र चुनौती समेत हो । नवौं योजनाको मुख्य लक्ष्य पनि यही नै रहेको छ । साथै गरिबी निवारणका लागि अपनाइने रणनीति र कार्यक्रमहरु तथा लक्षित कार्यक्रम बीच तालमेल मिलाउन नसके यस्ता कार्यक्रमहरुको लागि खर्च हुने साधनबाट गरिबी नघटी केवल अल्पकालीन राहत मात्र पुग्ने कुरालाई पनि नकार्न मिल्दैन । अतः गरिबीलाई दीर्घकालीन र प्रभावकारी रुपमा घटाउन वर्तमान संयुक्त सरकारले आगामी आर्थिक वर्षदेखि गरिबी निवारण सम्बन्धी क्षेत्रगत र लक्षित कार्यक्रमहरुलाई समन्वयात्मक, एकिकृत तथा प्रभावकारी रुपमा अगाडि बढाउने छ ।

५३. विकासका रणनीति र कार्यक्रमहरु तथा लक्षित कार्यक्रमहरु बीच तालमेल मिलाई गरिवी निवारणको अभियान समन्वयात्मक र प्रभावकारी रुपमा सन्चालन गर्न आगामी आर्थिक वर्षमा एक उच्चस्तरीय गरीबी निवारण आयोग गठन गरिनेछ ।

५४. क्षेत्रगत कार्यक्रम अन्तर्गत जनताको जीविकाको प्रमुख श्रोत एवं ग्रामीण अर्थतन्त्रको मेरुदण्ड – कृषि क्षेत्रको एकिकृत विकासका निम्ति आगामी आर्थिक वर्षदेखि दीर्घकालीन कृषि योजना संचालन गरिने कुरा मैले पहिले नै उल्लेख गरिसकेको छु । यस अन्तर्गत कृषि क्षेत्रको व्यवसायिकरणमा जोड दिई आवश्यक मलखाद, सिंचाई, प्रविधि, सडक र विद्युत सेवा पुचाउने तथा बजार विकास जस्ता कार्यहरुलाई एकिकृत रुपमा संचालन गरिनेछ । दीर्घकालीन कृषि योजनाको सफल कार्यान्वयनबाट नवौं योजनाको अन्त्यसम्ममा निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या अंश १२.५ प्रतिशतले घट्ने विश्वास छ ।

५५. कृषि क्षेत्रको अगुवाईमा हुने विकास प्रकक्रियाले अन्य उत्पादनशील र रोजगारी सिर्जना गर्ने क्षेत्रहरु खासगरी ग्रामीण सडक, साना तथा घरेलु उद्योग, वन, ग्रामीण विद्युतीकरण, पर्यटन जस्ता क्षेत्रहरुमा समेत लगानी प्रवाहित हुन गई गरीबी निवारणमा योगदान पुऱ्याउने हुंदा यस्ता क्षेत्रहरुलाई गरीवी निवारणको कार्यक्रमसंग आवद्ध गर्न प्रोत्साहित गरिनेछ ।

५६. शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता आधारभूत सामाजिक सेवा क्षेत्रमा लगानी गरी त्यसबाट मानवीय संशाधनको विकास नगरेसम्म गरिवी निवारणको कार्यक्रम दिगो हुन नसक्ने कुरा अन्य देशहरुको अनुभवबाट प्रष्ट भैसकेको छ । वर्तमान संयुक्त सरकारले पनि मानवीय संसाधनको विकासलाई गरिवी निवारणको अभिन्न अंगको रुपमा लिई लगानीको अधिकांश भाग गरिवी निवारणमा प्रत्यक्ष योगदान गर्ने आधारभूत र प्राथमिक स्वास्थ्य, आधारभूत शिक्षा तथा गाउं गाउंमा खानेपानी पुऱ्याउने कार्यक्रमहरुमा व्यापक रुपमा प्रवाहित गर्ने नीति लिएकोछ । यस सिलसिलामा साक्षरता कार्यक्रमलाई अभियानकै रुपमा सन्चालन गरी साक्षरता न्यूत भएका तथा बालिका एवं महिलाहरुको शैक्षिकस्तर न्यून भएका जिल्लाहरुमा महिला शिक्षा एवं साक्षरताको प्रवर्द्धन गर्न विशेष व्यवस्था मिलाइने छ । शिक्षा, स्वास्थ्य, खानेपानी लगायत समग्र सामाजिक क्षेत्रमा जाने लगानीमा आगामी आर्थिक वर्ष उल्लेखनीय वृद्धि गरिनेछ ।

५७. नवौं योजनाको अन्त्यसममा गरिवीको रखामुनी रहेका करीव ३ लाख जनतालाई शिक्षा तथा सीपमूलक तालीम प्रदान गरी स्वरोजगार र पूर्ण रोजगारको अवसर दिलाउने लक्ष अनुरुप आगामी आर्थिक वर्षदेखि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, रोजगार प्रवर्द्धन आयोग लगायत विभिन्न निकायहरु मार्फत रोजगारीको विशेष कार्यक्रम संचालन गरिनेछ । यसबाट गरिवी निवारणमा मद्दत पुग्ने विश्वास मैले लिएको छु ।

५८. दीर्घकालीन रुपमा गरिवी निवारणको लागि क्षेत्रगत कार्यक्रमबाटै ठोस उपलब्धि हुने भएतापनि गरिवीको संवेदनशील स्थितिलाई दृष्टिगत गरी विभिन्न भौगोलिक क्षेत्र, जाती एवं समुदायका लागि लक्षित विद्यमान कार्यक्रमहरुमा संरचनागत तथा संस्थागत सुधार गरी तिनलाई प्रभावकारी ढंगले संचालन गरिने छन् । यस्ता कार्यक्रमहरु सन्चालन गर्न सरकारी तथा गैर सरकारी दुवै क्षेत्रलाई परिचालित र प्रोत्साहित गरिनेछ ।

५९. ग्रामीण विकास वैंकहरुबाट संचालित कार्यक्रमले ग्रामीण क्षेत्रका महिला, सीमान्त किसान तथा विपन्न वर्गलाई आयमूलक क्रियाकलापमा संलग्न गराई गरिवी निवारणमा खेलेको भूमिकालाई मनन गरी यिनीहरुको क्रियाकलापलाई देशका पहाडी जिल्लाहरुमा विस्तार गरिनेछ । त्यसैगरी प्राथमिकता क्षेत्र कर्जा, साना किसान विकास आयोजना, महिलाहरुका निम्ति लघुकर्जा, गरीवसंग वैंकिङ्ग कार्यक्रम आदि गरिवी निवारणका उद्देश्यले विभिन्न वाणिज्य वैंकहरुबाट संचालित कार्यक्रमहरुबाट करीव ४० हजार परिवार लाभान्वित हुने विश्वास लिएको छु ।

६०. ग्रामीण क्षेत्रका जनतालाई स्वरोजगारको अवसर श्रृजना गरी आय आर्जनको थप व्यवस्था गर्ने उद्देश्यले उन्नतजातका पशु वितरण गर्ने, पशुसेवा एवं पशु स्वास्थ्य कार्यकर्ता पुऱ्याउने, कबुलियती वन प्रदान गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिने छ । यसबाट आगामी आर्थिक वर्षमा करिव ८ हजार परिवारलाई प्रत्यक्ष लाभ पुग्नेछ ।

६१. साधन र श्रोत न्यून भएका जिल्लाहरुको भौतिक पूर्वाधार निर्माणको काममा स्थानीय गरीव जनसमुदायलाई संलग्न गराई उनीहरुले गर्ने कामको ज्याला वापत खाद्यान्न दिने अवधारणा अनुरुप सन्चालित "कामको लागि खाद्यान्न" कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसबाट ग्रामीण क्षेत्रका भूमिहिन तथा गरीव जनताहरु लाभान्वित हुने विश्वास लिएको छु ।

६२. अधिराज्यका ६ सय भन्दा बढी गाउं विकास समितिका करीव २ लाख परिवारहरुलाई सेवा पुऱ्याउंदै आएको कृषि विकासवैंक मार्फत् संचालित साना किसान विकास कार्यक्रमलाई स्थानीय जनताद्वारा गठीत संस्थालाई हस्तान्तरण गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षमा ४० वटा आयोजनाहरु हस्तान्तरण गरिनेछ । यसबाट ग्रामीण जनताको व्यवस्थापन क्षमतामा वृद्धि हुने र रोजगारमूलक क्रियाकलाप संचालनमा सहयोग पुग्नेछ । कृषि विकास वैंक मार्फत महिलाहरुलाई मात्र समूहमा आवद्ध गरी आगामी आर्थिक वर्षदेखि साना किसान महिला विकास कार्यक्रम संचालन गरिनेछ । साना किसाव विकास आयोजना, साना किसान महिला विकास कार्यक्रम तथा लघु ऋण कार्यक्रमहरुबाट १० हजार जनता लाभान्वित हुने विश्वास लिएको छु ।

६३. कमैया प्रथा उन्मुलन गर्ने कार्यक्रम आगामी आर्थिक वर्षमा प्राथमिकतासाथ लागू गरिनेछ । कमैया, प्रजा एवं अन्य आदिवासी र उपेक्षित, उत्पीडित, दलित समुदायको उत्थानका लागि सीपमूलक तालीम, बालबच्चालाई शिक्षाको व्यवस्था तथा उनीहरुको आर्थिक स्थितिमा सुधार ल्याउन थप कार्यक्रमहरु सन्चालन गरिने छन् ।

६४. वास्तविक भूमिहीन नागरिकहरुको बसोवासको व्यवस्था मिलाउन तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउने कार्यका लागि निश्चित आधार बनाई सुकुम्बासी बसोबास कार्यक्रमलाई प्रभावकारी र क्रियाशील बनाउन यो संयुक्त सरकार दृढ रहेको छ । भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

६५. ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा रोजगारीका निम्ति बसाई सर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, तथा स्थानीय स्तरमा संचालन गरिने विकास निर्माणका निम्ति आवश्यक सीपयुक्त जनशक्ति स्थानीय तहमा नै आपूर्तिको व्यवस्था मिलाउन हाल संचालनमा रहेको प्रशिक्षण संस्थाहरुलाई क्रियाशील बनाई सीपमूलक घुम्ती प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

६६. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विगतमा शुरु गरिएको जेष्ठ नागरिक, असहाय, विधवा, अशक्त जस्ता भत्ताहरुलाई यो संयुक्त सरकारले यथावत राखेको छ । यस्तो भत्ता वितरण गर्दा वास्तविक असहाय, विपन्न एवं गरीब समुदायका व्यक्तिहरुलाई लक्षित गरी भत्ता प्रदान गर्नु सामाजिक न्यायको दृष्टिकोणबाट उपयुक्त देखिंदा त्यस्तो सुविधा उपलब्ध गराउनु पर्ने वास्तविक व्यक्तिहरुको तथ्यांक संकलन तथा पहिचान गरी निश्चित मापदण्डका आधारमा गाउं विकास समिति एवं नगरपालिका मार्फत भत्ता उपलब्ध गराउने व्यवस्था गरिने छ ।

**(घ) <u>जनसहभागितामूलक विकास एवं ग्रामीण सशक्तिकरणको माध्यमबाट ग्रामीण क्षेत्रलाई विकासको केन्द्रविन्दुको रुपमा रुपान्तरण गर्ने :</u>**

६७. झण्डै ९० प्रतिशत जनता गाउंमा बस्ने हुंदा पनि विगतमा ग्रामीण विकास कार्यक्रमहरुको तर्जुमा मुख्यतया केन्द्रबाट हुने गरेको, धेरैजसो ग्रामीण क्षेत्रमा स्रोत र साधनको कमी रहेको, स्रोत र साधन भएको क्षेत्रहरुमा पनि प्राविधिक कठिनाई भई साधनको परिचालन हुन नसकेकोले ग्रामीण क्षेत्रको विकासको आधारमा सृजना हुन सकेन । तसर्थ ग्रामीण क्षेत्रलाई विकासको केन्द्र बनाउने उद्देश्य अनुरुप आगामी आर्थिक वर्षमा स्थानीय जनतालाई सक्षम र सवल बनाउंदै उनीहरुकै सहभागितामा साधन र स्रोतको परिचालन गरी ग्रामीण क्षेत्रमा विकासको दिगो जग बसाउन तदनुरुप कार्यक्रम तयार गरिएका छन् ।

६८. स्थानीय निकायलाई स्थानीय नेतृत्व एवं ग्रामीण विकासको संवाहकको रुपमा रुपान्तरित गर्ने वर्तमान सरकारको प्रतिवद्धता अनुरुप स्थानीय निकायहरुको निर्वाचन हालै सम्पन्न भई सकेको छ । ती निकायहरुलाई स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप स्थानीय जनताप्रति पूर्ण उत्तरदायी बनाउंदै विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय स्तरका आयोजनाहरुको तर्जुमा एवं संचालन, साधन र स्रोतको परिचालन, प्राप्त उपलब्धिको न्यायपूर्ण वितरण जस्ता कार्यहरु सम्पादन गर्ने व्यवस्थाको निम्ति कानूनी आधार तयार गरिनेछ ।

६९. आफ्नो गाउं आफैं बनाऔं भन्ने भावना अनुरुप गाउं विकास कार्यक्रमको माध्यमबाट गाउंलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने नीतिलाई अझ अगाडि बढाइने छ । यसक्रममा गाउं विकास समिति तथा जिल्ला विकास समितिलाई पन्चवर्षिय एवं दीर्घकालीन योजना बनाई स्थानीय स्तरका विकास निर्माणका कार्यक्रमलाई योजनावद्ध रुपमा विकसित गर्दै लैजान प्रोत्साहन गरिनेछ । यसो भएमा सरकारी क्षेत्रबाट हुंदै आएका कतिपय विकास कार्यक्रम स्थानीय निकायलाई हस्तान्तरण गर्न तथा स्थानीयस्तरमा आर्थिक तथा प्राविधिक सहयोग पुचाउने निश्चित र उपयुक्त आधार तयार पार्न सहयोग पुग्नेछ ।

७०. स्थानीय निकायका निर्वाचित पदाधिकारीहरुलाई योजना तर्जुमा, परियोजना व्यवस्थापन, अनुगमन एवं मूल्यांकन लगायत विविध विषयमा क्षमता अभिवृद्धि गर्न सरकारी एवं गैरसरकारी निकायको संलग्नतामा आधारभूम प्रशिक्षण दिइने छ ।

७१. गाउं विकास समिति लगायत अन्य स्थानीय निकायहरुलाई उपलब्ध गराउंदै आएको रकम आगामी आर्थिक वर्षमा समेत यथावत उपलब्ध गराइनेछ । तर यस्तो रकमको सदुपयोग होस् भन्ने उद्देश्यले रकम निकासा गर्दा विगतका वर्षहरुमा गरेको खर्चको लेखापरीक्षण तथा स्वीकृत गरिएको कार्यक्रम अनिवार्य पेश गर्नु पर्ने गरिएको छ । यो रकमबाट संचालन हुने कार्यक्रमहरुको अनुगमन एवं मूल्यांकन गर्नका निम्ति संस्थागत व्यवस्था मिलाइनेछ ।

७२. लागत सहभागिताको नीति अनुरुप स्थानीय जनताको हसभागितामा स्थानीय स्रोत र साधनको परिचालन गरी संचालन हुने परियोजनाहरुमा श्री ५ को सरकारबाट ७० प्रतिशतसम्म लगानी गर्ने वर्तमान नीतिलाई कायमै राखेको छु । देशका अति दुर्गम जिल्लाहरुमा रहेको साधनको अभाव, जनताको विकास निर्माणको चाहना तथा त्यस क्षेत्रमा रहेको आर्थिक विपन्नतालाई मनन गरी ती क्षेत्रहरुका हकमा ८५ प्रतिशतसम्म लागत व्यहोरिने गरी नयां व्यवस्था मिलाएको छु ।

७३. शाही नेपाली सेवा एवं नेपाल प्रहरीतर्फ कार्यरत जवानहरुलाई सेवा निवृत्त भएपछि स्थानीय विकास निर्माणका कार्यमा संलग्न गराउने उद्देश्यले उनीहरु सेवानिवृत्त हुनु अगावै डकर्मी, सिकर्मी, प्लम्बिङ्ग, मेकानिक्स, विद्युतजडान जस्ता आधारभूम प्राविधिक विषयमा प्रशिक्षण दिने विशेष कार्यक्रमको तर्जुमा गरिने छ । यसबाट स्थानीयस्तरका विकास निर्माणमा आवश्यक देखिएका सीपयुक्त जनशक्तिको आपूर्तिमा सहयोग पुग्नजाने विश्वास मैले लिएकोछु ।

७४. सबै किसिमका आधारभूत सेवाहरु उपलब्ध गराउँदै देशको ग्रामीण जनजीवनलाई स्तरीय तुल्याउन प्रत्येक जिल्लाबाट कम्तिमा एउटा गाउं विकास समितिको छनोट गरी त्यसलाई नमूना गाउं विकास समितिको रुपमा विकास गरिनेछ। यस्ता गाउं विकास समितिहरुमा श्री ५ को सरकारका अतिरिक्त विभिन्न गैर सरकारी संघ संस्था एवं वित्तीय निकायहरुद्वारा साधनको परिचालन र परिपूर्ति गराई स्थानीय जनताको सहभागितामा सडक, कृषि विकास, सिंचाई, आधारभूत एवं प्राथमिक स्वास्थ्य, शिक्षा, खानेपानी एवं रोजगारी श्रृजना गर्ने कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गरिनेछन्।

**सभामुख महोदय,**

७५. चालू आथिक वर्षमा स्थानीय निर्वाचन तथा सोको शान्ति सुरक्षाको लागि रु.१४ करोड छुट्‍याइए तापनि एक विकास क्षेत्रमा एकै दिनमा निर्वाचन सम्पन्न गर्नु पर्ने कानूनी प्रावधानले गर्दा विनियोजित रकम नपुग हुन गई कुल रु.४२ करोड खर्च भएको संशोधित अनुमान छ। सो खर्च वैदेशिक ऋण भुक्तानी शीर्षक अन्तर्गतको बचत तथा अन्य शीर्षकहरुको बचत रकमबाट रकमान्तर गरी जुटाइएको जानकारी यस सम्मानित संसद समक्ष राख्न चाहन्छु।

**सभामुख महोदय,**

७६. अब म आगामी आर्थिक वर्षको निम्ति विनियोजन प्रस्ताव पेश गर्दछु।

७७. आगामी आर्थिक वर्षमा जम्मा रु.६२ अर्ब २ करोड २२ लाख ९४ हजार खर्च हुने अनुमान गरिएको छ। यो रकम चालू आर्थिक वर्षको प्रस्तावित खर्चको तुलनामा ७.७४ प्रतिशतले तथा संशोधित अनुमानको तुलनामा २१.२१ प्रतिशतले बढी छ। कूल खर्च मध्ये साधारण खर्चतर्फ रु.२७ अर्व ९८ करोड ३४ लाख ४६ हजार तथा विकास खर्चतर्फ रु.३४ अर्व ३ करोड ८८ लाख ४८ हजार विनियोजन गरिएको छ। यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा साधारण खर्चतर्फ १३.२० प्रतिशत र विकास खर्चतर्फ २८.७० प्रतिशतले बढी छ।

७८. कर्मचारी खर्चमा साधारणतर्फ रु.१० अर्व ७६ करोड ६६ लाख र विकासतर्फ रु.१ अर्व ५९ करोड ५ लाख गरी जम्मा रु.१२ अर्व ३५ करोड ७१ लाख छुटचाएको छु। पूंजीगत खर्चमा साधारणतर्फ रु.५८ करोड ४० लाख र विकासतर्फ रु.२७ अर्व ७१ करोड ४४ लाख गरी रु.२८ अर्व २९ करोड ८४ लाख छुट्‍याएको छु। अन्य खर्चमा साधारणतर्फ रु.१६ अर्व ६३ करोड २८ लाख र विकासतर्फ रु.४ अर्व ७३ करोड ३८ लाख गरी जम्मा रु.२१ अर्व ३६ करोड ६६ लाख छुटचाएको छ।

७९. साधारणतर्फ खर्चवृद्धि हुनाको प्रमुख कारणहरुमा कर्मचारी तलव एवं सांवा व्याज भुक्तानीमा वृद्धि रहेका छन्। विकासतर्फ विनियोजित रकम वृद्धि हुनुको प्रमुख कारणहरुमा कालीगण्डकी "ए" जलविद्युत आयोजना, खिम्ती–भक्तपुर–बालाजु १३२ के.भी. आयोजना, तेस्रो सडक सुधार आयोजना, रोड मेन्टेनेन्स तथा रिहाविलिटेसन आयोजना, नेपाल सिंचाई सेक्टर आयोजना, दोस्रो सिंचाई सेक्टर आयोजना, चौथो चरणको खानेपानी आयोजना, दक्षिण एशियाली खेलकूद पूर्वाधार विकास आयोजना एवं सरकारी जमानतमा ऋण दिइएको उद्योगको सांवा व्याज चुक्ता गर्न गरिने लगानी आदिमा थप रकमको व्यवस्था प्रमुख रहेका छन्।

८०. साधारणतर्फको विनियोजन मध्ये सांवा व्याज भुक्तानीतर्फ रु.८ अर्व १६ करोड ९७ लाख, रक्षातर्फ रु.२ अर्व ६२ करोड ८६ लाख र प्रहरीतर्फ रु.२ अर्व ५२ करोड ९ लाख छुट्‍याइएको छ।

८१. साधारण बजेटमा शिक्षातर्फ रु.५ अर्व ४४ करोड ५१ लाख छुटचाइएको छ। यसमध्ये प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षातर्फ रु.४ अर्व ३४ करोड १२ लाख र विश्वविद्यालय अनुदान आयोग मार्फत विभिन्न विश्वविद्यालयहरुलाई जाने अनुदानको लागि रु.८७ करोड विनियोजन गरिएको छ। जेष्ठ नागरिक, अशक्त, अपाङ्ग एवं असहाय विधवा भत्ताको लागि ३५ करोड छुट्‍याइएको छ।

८२. स्वास्थ्यतर्फ साधारण बजेटमा कूल रु.१ अर्व १२ करोड ७४ लाख विनियोजन गरिएको छ। यसमध्ये स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र प्राथमिक स्वास्थ्य केन्द्रहरु तथा स्वास्थ्य उपचौकीहरुका लागि रु.७५ करोड ७ लाख छुट्‍याइएको छ। यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २३.५ प्रतिशतले बढी छ।

८३. निर्वाचनलाई निष्पक्ष स्वच्छ एवं स्वतन्त्र रुपले संचालन गरी प्रजातन्त्रको संस्थागत सुदृढीकरणमा टेवा पुचाउने उद्देश्यले निर्वाचन कार्यालयहरु क्रमश: स्थापना गर्ने क्रममा आगामी आर्थिक वर्षमा ५ वटै विकास क्षेत्रमा कम्तिमा एक/एक कार्यालय स्थापना गरिनेछ।

८४. राष्ट्र सेवाहरुलाई हालको प्रचलित तलवमानमा जीवन यापन गर्न मुश्किल पर्ने कुरामा दुइमत हुन सक्दैन। तसर्थ सीमित साधनको बावजूद पनि खाइपाई आएको विभिन्न महंगी भत्तालाई तलवमानमै समायोजन गरी राष्ट्र सेवक

निजामती, प्रहरी तथा शाही नेपाली सेनातर्फका कर्मचारीहरु एवं श्री ५ को सरकारको स्रोतबाट तलव भत्ता पाउने शिक्षकहरु समेतलाई आगामी श्रावण महिनादेखि नयां तलवमान प्रदान गरिनेछ । नयां तलवमानको कारण निवृत्तिभरण पाइरहेका राष्ट्र सेवकहरुको निवृत्तिभरण पनि कानून बमोजिम वृद्धि हुनेछ । नयां तलवमानमा हालको शुरु तलवको आधारमा सबैभन्दा माथिल्लो श्रेणीमा १९.४ प्रतिशत र सबैभन्दा तल्लो श्रेणीको ४२.८ प्रतिशत वृद्धि कायम हुने गरी तलवमान तोकिएको छ । यसैगरी दुर्गमस्थानमा कार्यरत राष्ट्रसेवकहरुलाई केही राहत प्रदान गर्न हाल तोकिएको स्थानीय भत्ताको रकममा ५ देखि ५० प्रतिशतसम्म वृद्धि गरिएको छ । सेवामा छँदै मृत्यु हुने पियन, राजपत्र अनंकित कर्मचारी र अधिकृत राष्ट्रसेवक कर्मचारीको आश्रितलाई हाल प्रदान गरिएको क्रमशः रु.१० हजार, रु.१२ हजार र रु.२० हजारको सट्टा क्रमशः रु.४० हजार, रु.५० हजार र रु.७५ हजार गरी वृद्धि गरिएको छ । यस व्यवस्थाबाट कर्मचारीहरु आफ्नो कर्तव्य पालनामा बढी कृयाशील हुने भई सरकारले प्रदान गर्ने सेवामा गुणात्मक सुधार आउने विश्वास मैले लिएको छु ।

**सभामुख महोदय,**

८५. अब म विकास खर्च सम्बन्धी मुख्य मुख्य प्रस्ताव प्रस्तुत गर्दछु ।

८६. विकासतर्फ प्रस्ताव गरिएको कूल अनुमान मध्ये सामाजिक सेवातर्फ ३७.६३ प्रतिशत तथा आर्थिक सेवाहरुमध्ये कृषि, सिंचाई, भूमिसुधार र वनको लागि १८.४२ प्रतिशत, यातायातको लागि १५.७४ प्रतिशत र विद्युतको लागि २०.३७ प्रतिशत छुट्याइएको छ ।

८७. कृषितर्फ कृषि मलखाद, बजार विकास, वीउ विजन प्रवर्द्धन, वाली संरक्षण, कृषि अनुसन्धान, पशु विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् । कृषि विकास कार्यक्रमको निम्ति रु. २ अर्ब ३६ करोड २८ लाख छुट्याइएको छ । सो बाहेक, कृषि विकासका विभिन्न कार्यक्रमहरुका लागि कृषि विकास बैंकले आगामी आर्थिक वर्षमा जम्मा रु.४ अर्ब ४० करोड लगानी गर्नेछ ।

८८. सिंचाई तथा नदी नियन्त्रण कार्यक्रमहरुको लागि रु.३ अर्ब १५ करोड ८ लाख विनियोजन गरिएको छ । महाकाली, पूर्वी राप्ती, राजापुर, सुनसरी मोरङ्ग, बागमती र भैरहवा लुम्बिनी जस्ता निर्माणाधीन वृहत सिंचाई आयोजनाहरुलाई समयमै पूरा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । पूर्वान्चल र मध्यमान्चल क्षेत्रका ३५ जिल्लाहरुमा दोस्रो सिंचाई सेक्टर कार्यक्रम अन्तर्गत कुलो निर्माण एवं कृषक कुलो सुधार जस्ता कार्यहरु संचालन गरिनेछ । अधिराज्यका बांकी ४० जिल्लाहरुमा थप सिंचाई सुविधा पु–याउन आगामी आर्थिक वर्षदेखि नेपाल सिंचाई सेक्टर कार्यक्रम शुरु गरिने छ । मध्य पश्चिमान्चल र पूर्वान्चलका तराईका जिल्लाहरुमा सामुदायिक स्यालो ट्यूववेल कार्यक्रम अन्तर्गत थप क्षेत्रमा सिंचाई सुविधा उपलव्ध हुनेछ । सिंचाई क्षेत्रमा संचालित यी कार्यक्रमहरुबाट ४८ हजार हेक्टर भन्दा बढी जग्गामा थप सिंचाई सुविधा उपलव्ध हुनेछ ।

८९. बैंकहरु मार्फत कृषकहरुको सहभागितामा शुरु गरिने सिंचाई आयोजनाहरुलाई अनुदान दिने व्यवस्था कायमै राखी त्यसका लागि रु.९ करोड विनियोजन गरिएको छ । नदीबाट हुने क्षति रोकथाम गर्न नदी नियन्त्रण कार्यक्रम अन्तर्गत बाणगंगा, बाग्मती, लालवकैया, वक्राहा नदी नियन्त्रण कार्यक्रमहरुको लागि रकमको व्यवस्था गरिएको छ ।

९०. विद्युत क्षेत्रका कार्यक्रमहरुको लागि आगामी आर्थिक वर्षमा रु.६ अर्ब ९३ करोड ३७ लाख विनियोजन गरेको छु । कालीगण्डकी "ए", पुवा खोला र मोदीखोमला जस्ता जल विद्युत आयोजनाहरु निर्धारित समयमै पूरा गर्न आवश्यक रकमको व्यवस्था गािरएको छ । कालीगण्डकीको निर्माण कार्य आगामी आर्थिक वर्षमा तीव्र रुपले अगाडि बढाउन यो योजनाको लागि ३ अर्ब ६४ करोड ८९ लाख विनियोजन गरेको छु ।

९१. हेटौंडा डिजल प्लाण्टको सुदृढीकरण एवं दुहवी मल्टीफ्युल विद्युत केन्द्रको क्षमतावृद्धि गर्ने कार्य र महाकाली एकिकृत सन्ति अन्तर्गत टनकपुर परियोजनाबाट प्राप्त हुने विद्युत नेपालमा प्रसार गर्न लालपुर–गड्डाचौकी १३२ के. भी. प्रसारण लाइनको निर्माणको लागि रकमको व्यवस्था गरेको छु । विद्युत सेवाबाट बन्चित रहेका कालिकोट, डोल्पा र खोटाङ्ग जिल्लाहरुको सदरमुकामहरुमा यसै आर्थिक वर्षमा विद्युत सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । ग्रामीण विद्युतीकरणको लागि सातौं विद्युत आयोजना, सिदुवा खांदवारी प्रसारण लाइन, धादिङ्ग विद्युतीकरण आयोजना एवं कैलाली कन्चनपुर ग्रामीण विद्युतीकरण जस्ता आयोजनाहरु सन्चालन गरिने छन् । यी कार्यक्रमहरुबाट आगामी वर्षमा थप ३५ हजार ग्राहकलाई विद्युत सेवा उपलव्ध हुनेछ ।

९२. खानेपानी क्षेत्रतफै संचालन हुने कार्यक्रमका निम्ति रु.२ अर्ब २२ करोड ४० लाख छुट्याइएको छ । नवौं योजना अवधिसम्ममा अधिराज्यका सबै जनतालाई खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य अनुरुप आगामी आर्थिक वर्षमा ११०० वटा खानेपानी आयोजनाहरु सम्पन्न गरी थप १० लाख जनसंख्यालाई स्वच्छ खानेपानी सेवा उपलव्ध गराइनेछ । काठमाण्डौ उपत्यकामा रहेको खानेपानीको समस्याको निराकरणका निम्ति निजी क्षेत्रको संलग्नतामा स्थापित मेलम्ची वाटर लिमिटेडमा रकम लगानीको व्यवस्था मिलाइएको छ ।

९३. शिक्षातर्फको कार्यक्रमको निम्ति रु.२ अर्व ६५ करोड ९४ लाख छुट्याइएको छ । देशबाट निरक्षता हटाउने कार्यलाई अभियानको रुपमा सन्चालन गर्न साक्षरता सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका ४० जिल्लाका एक एक गाउं विकास समिति वा नगरिपालिकामा अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम लागू गरिनेछ । प्राथमिक शिक्षाको गुणस्तरमा वृद्धि गर्न तेह्र हजार एक सय पचास प्राथमिक शिक्षकहरुलाई व्यवस्थापन तथा शिक्षण तालीम उपलब्ध गराइने छ । ग्रामीण क्षेत्रमा जन चेतना अभिवृद्धि गर्न क्रमशः ७५ वटै जिल्लामा सार्वजनिक पुस्तकालयको स्थापना गरिनेछ । पोखरा विश्वविद्यालय तथा खुल्ला विश्वविद्यालयको संभाव्यता अध्ययन, शिक्षण अस्पताल तथा इन्जिनीयरिङ्ग अध्ययन संस्थानको भौतिक सुविधा विस्तार जस्ता कार्यक्रमको निम्ति रकमको व्यवस्था गरिएको छ ।

९४. देश भित्रका सबै जात जाति एवं समुदायको भाषा, साहित्य, कला एवं संस्कृतिको संरक्षण, सम्वर्धन एवं अन्वेषणका निम्ति विभिन्न कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्ने उद्देश्यले स्थापित राष्ट्रिय प्रतिभा स्मारक कोषको लागि रकमको व्यवस्था गरिएको छ ।

९५. नेपालमा आयोजना गरिने आठौं दक्षिण एशियाली खेलकूदका लागि पूर्वाधार विकास गर्न रु.४४ करोड छुट्याइएको छ । यस क्रममा युवा खेलकूद तथा संस्कृति क्षेत्रमा संचालन गरिने विभिन्न कार्यक्रमहरुको लागि रु. ६० करोड २० लाख विनियोजन गरिएको छ ।

९६. ग्रामीण क्षत्रमा आधारभूत एवं प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आगामी आर्थिक वर्षमा अधिराज्यका सम्पूर्ण गाउं विकास समितिहरुमा उप स्वास्थ्य चौकीहरु तथा केही निर्वाचन क्षेत्रहरुमा २० वटा थप प्राथमिक स्वास्थ्य सेवा केन्द्रका साथै नयां २५ वटा आयुर्वेद औषधालयको स्थापना गरिने छ । सरुवा रोग नियन्त्रण, सुरक्षित मातृत्व, प्रजनन, स्वास्थ्य, बाल स्वास्थ्य तथा पोषण कार्यक्रमलाई व्यापक र सुदृढ बनाइनेछ ।

९७. स्वास्थ्य सेवालाई स्तरयुक्त र प्रभावकारी बनाउन वीर अस्पताल, कान्ति बाल अस्पताल, वी.पी. मेमोरियल क्यान्सर अस्पताल, वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि आवश्यक रकम छुट्याइएको छ । शहिद गंगालाल हृदय रोग केन्द्र तथा नेपाल स्नायु विज्ञान केन्द्रको सहयोगार्थ पनि रकमको व्यवस्था गरिएको छ । स्वास्थ्य सेवा तर्फको कार्यक्रमका लागि आगामी वर्ष रु. २ अर्व ७१ करोड ३६ लाख विनियोजन गरिएको छ ।

९८. स्थानीय विकासतर्फ रु.४ अर्व २३ करोड २४ लाख छुट्याइएको छ । जिल्ला विकास समितिद्वारा संचालित हुने कार्यक्रमहरुका लागि अनुदानको रुपमा रु. ६५ करोड, गाउं विकास समितिहरुबाट नगरपालिकामा परिवर्तन भएका नगरपालिकाहरुको समेतका लागि रु.१४ करोड, गाउं विकास समितिको लागि रु.१ अर्व ९५ करोड ७० लाख तथा निर्वाचन क्षेत्र विशेष कार्यक्रमको लागि रु.१० करोड ६० लाख छुट्याइएको छ । आफ्नै स्रोत पर्याप्त रुपमा उपलब्ध नभएका नगरपालिकाहरुको प्रत्येक वडालाई रु. २ लाखसम्म अनुदान दिइने व्यवस्था गरिनेछ । विपन्न ग्रामीण महिलाको आय वृद्धि गर्न अधिराज्यका ६७ जिल्लामा संचालित महिला विकास कार्यक्रम संचालन गर्न रु.१० करोड २६ लाख विनियोजन गरिएको छ ।

९९. गरिवी निवारणका लागि लक्षित समूहमा सोझै प्रभाव पार्ने कार्यक्रमहरु संचालन गर्न गरिवी निवारण कोषको स्थापना गर्न रु. .४ करोडको व्यवस्था गरेको छु । पश्चिमी नेपालका तराईका जिल्लाहरुमा पश्चिमी नेपाल गरिवी निवारण आयोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गर्न रु.१ करोड १० लाख विनियोजन गरिको छु । सल्यान, रुकुम, रोल्पा, जाजरकोट, सिन्धुली र रामेछाप जिल्लाहरुमा स्थानीय जनताको सहभागितामा प्रत्यक्ष लाभ पुग्ने खालका विकास निर्माणका विशेष कार्यक्रमहरु संचालन गर्न रु. ४ करोडको विनियोजन गरेको छु । आर्थिक एवं सामाजिक रुपले पिछडिएका आदिवासी, उपेक्षित, उत्पीडित एवं दलित समुदायको विकासको लागि कार्यक्रम संचालन गर्न रकमको व्यवस्था गरेको छु ।

१००. यातायात क्षेत्रको दीर्घकालीन योजनावद्ध विकास लागि तर्जुममा गरिने २० वर्षे यातायात नीतिका आधारमा ५ वर्षे सडक यातायातका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । निर्माणाधीन अवस्थामा रहेका मेची राजमार्गको फिदिम– ताप्लेजुङ्ग खण्डमा पर्ने काबेरी पुल र महाकाली राजमार्गको वैतडी–दार्चुला खण्डमा पर्ने चमेलिया पुलको निर्माण कार्य पूरा गर्न रकमको व्यवस्था गरिएको छ । काठमाण्डौ उपत्यकामा प्रवेशका निम्ति वैकल्पिक मार्गको रुपमा रहेको विश्वेश्वर प्रसाद कोइराला मार्गको वर्दिवास–सिन्धुली खण्डको निर्माणको लागि रकम विनियोजन गरिएकोछ । सगरमाथा राजमार्ग (गाईघाट दिक्तेल), राप्ती राजमार्ग (सल्यान–मुसिकोट) तथा कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला) को निर्माणलाई प्राथमिकता दिई रकम छुट्याइएको छ । त्यसै गरी जिल्ला सदर मुकाम जोड्ने बसन्तपुर–चैनपुर खांदवारी, नारदमुनि थुलुङ्ग मार्ग (हिले–लेगुवाघाट–भोजपुर), कटारी–ओखलढुङ्गा, पुष्पलाल मार्ग (खिम्ती–मन्थली–रामेछाप), बर्दिवास–जलेश्वर–जनकपुर–धनुषाधाम सडक, भानुभक्त आचार्य मार्ग (डुम्रे–बेशीशहर), बागलुङ्ग–वेनी–जोमसोम, सुर्खेत–रानीमत्ता–दैलेख, छिन्चु–जाजरकोट, सांफेवगर–मंगलसेन, सांफेवगर–मार्तडी, जय पृथ्वी बहादुर सिंह मार्ग (खोड्पे–बझाङ), दशरथ चन्द मार्ग (वैतडी–सतवांझ–झुलाघाट) तथा अन्य सहायक मार्ग र पर्यटन मार्गहरुको निर्माणार्थ आवश्यक रकम विनियोजन गरिएको छ । महाकाली नदीमा दोधारा चांदनीमा केबलकार स्थापना गर्नेतर्फ प्रारम्भिक कार्यहरु गरिनेछ ।

१०१. हुलाकी सडकको निर्माण र स्तरोन्नति, स्थानीय पुलहरुको निर्माण र अन्य स्थानीय स्तरका र कृषि विकासमा सहायक हुने सडक निर्माण र स्तरवृद्धि गर्न यथोचित बजेट व्यवस्था गरिएको छ । साथै निर्माण भइसकेको राजमार्ग तथा सहायक मार्गहरुको पुनः निर्माण तथा मर्मत सुधार कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको छ ।

१०२. महेन्द्र राजमार्गको कोहलपुर महाकालीखण्डका २२ वटा पुलहरुको निर्माण र अधिराज्यका विभिन्न भागमा निर्माणाधीन ४० वटा पक्की पुलको निर्माण, ५ वटा नयां पुलको निर्माण र २१ वटा झोलुङ्गे पुलहरुको निर्माणका लागि आवश्यक रकमको विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षको लागि सडक यातायातको निम्ति जम्मा रु.४ अर्व ६६ करोड ४३ लाख विनियोजन गरिएको छ ।

१०३. संचार तर्फ आगामी आर्थिक वर्षको निम्ति रु.८९ करोड ९९ लाख छुट्याइएको छ । ग्रामीण दूर संचार सेवाको विस्तार गरी सुदूर पश्चिमान्चल, मध्य पश्चिमान्चल र मध्यमान्चलका ११ जिल्ला सदरमुकामहरुमा टेलिफोन एक्सचेन्ज स्थापना गरिने छ । अधिराज्यका विभिन्न शहरी क्षेत्रमा करिव ४१ हजार लाइन टेलिफोन क्षमता विस्तार तथा ६१ वटा शहरोन्मुख ग्रामीण इलाकाहरुमा १५० लाइन क्षमताको टेलिफोन एक्स्चेन्ज जडानको कार्य प्रारम्भ गरिनेछ । मार्टस प्रणाली र भि.एच.एफ. प्रणालीका टेलिफोन सेवामा पनि विस्तार गरिनेछ ।

१०४. हुलाक सेवातर्फ २० ठाउंमा इलाका हुलाक र ४ सय गाउं विकास समितिहरुमा अतिरिक्त हुलाक स्थापना गर्न आवश्यक रकमको विनियोजन गरिएको छ ।

१०५. राज्यको चौथो अङ्गको रुपमा रहेको पत्रकार जगतको पेशागत क्षमता अभिवृद्धि गर्न सरकारी क्षेत्रबाट समेत सहयोग उपलब्ध गराउने नीति अनुरुप आगामी आर्थिक वर्षमा नेपाल सम्पादक समाज, प्रेस काउन्सिल तथा मिडिया विकास कोषको सहयोगको लागि रकमको व्यवस्था गरेको छु ।

१०६. "नेपाल भ्रमण वर्ष १९९८" कार्यक्रमलाई राष्ट्रिय अभियानका रुपमा संचालन गर्नका लागि गरिने विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुका सम्बन्धमा माथि नै विवेचना गरिसकेको छु । यसका अतिरिक्त पर्यटन प्रवर्द्धनका निम्ति नमूना पर्यटन गाउंको विकास, पर्यटन पूर्वाधार विकास कार्यक्रम, अन्र्राष्ट्रिय सम्पर्क तथा पर्यटन बजारको व्यवस्था जस्ता कार्यक्रम संचालन गरिने छन् । पर्यटन क्षेत्रको निम्ति रु.३१ करोड ८५ लाख विनियोजन गरिएको छ ।

१०७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण एवं क्षमता विस्तार, लुम्बिनीमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको संभाव्यता अध्ययन, जीवनोद्धार तथा अग्निनिवारण सेवा लगायत हवाई क्षेत्रमा विविध कार्यक्रम संचालन गर्न रु.६९ करोड १७ लाख छुट्याइएको छ ।

१०८. उद्योग क्षेत्रका कार्यक्रमहरुको लागि आगामी आर्थिक वर्षको निमित्त जम्मा रु. ५८ करोड ५२ लाख विनियोजन गरेको छु । इन्फर्मेशन हाइ वे को विकास गर्ने सिलसिलामा आगामी आर्थिक वर्षमा टेक्नोलोजी पार्कको स्थापना गर्न आवश्यक पूर्वाधार तयार गरिने छ । यस कार्यक्रमले सफ्टवेयर विकास गरी सो को निर्यात गर्न आवश्यक सहयोग पु¥याउने छ ।

१०९. श्री ५ को सरकारको जमानतमा बैकिङ्ग क्षेत्रबाट लिएको ऋणको सांवा ब्याज भुक्तानी गर्न नसकेका रुग्ण उद्योगमा लगानी गरी राहत पु–याउन आगामी वर्ष रु.२५ करोड रकम छुट्याइएको छ ।

११०. वन तथा भू–संरक्षणतर्फ रु.५१ करोड ५३ लाख विनियोजन गरेको छु । विनियोजित रकमबाट सामुदायिक वन विकास, कबुलियती वन व्यवस्थापन, निजी वन प्रवर्द्धन लगायत राजमार्ग तथा हुलाकी मार्गहरुमा वृक्षारोपण जस्ता विभिन्न कार्यक्रम संचालन गरिनेछ । भू–क्षय नियन्त्रण गर्न उपभोक्ता समूहको अगुवाईमा जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । त्यस्तै जैविक विविधताको दिगो उपयोगको निमित्त वनस्पति स्रोतको पहिचान, संरक्षण र सदुपयोगको कार्यक्रम संचालन गरिनेछ ।

१११. भूमिसुधार कार्यक्रम अन्तर्गत भू स्वामित्व, मालपोत एवं नापी सम्बन्धी एकिकृत भू–सूचना प्रणालीको व्यवस्था शुरु गरिनेछ । कमैयाहरुको ऋण मोचन तथा वृत्ति विकास सम्बन्धी कार्यक्रमलाई समन्वयात्मक रुपमा संचालन गरिनेछ । भूमिसुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालनको लागि रु. २४ करोड २४ लाख छुट्याइएको छ ।

११२. श्रम सम्बन्धी कार्यक्रमहरुको लागि रु.६ करोड ३६ लाख विनियोजन गरिएको छ । ग्रामीण क्षेत्रमा आयमूलक रोजगारीको अवसर श्रृजना गर्ने उद्देश्यले विभिन्न विषयका सीपमूलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । दाङ, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाका कमैया महिलाहरुलाई स्वरोजगारको अवसर श्रृजना गर्न सीपमूलक प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ ।

११३. देशको वैदेशिक व्यापारलाई सुगम गर्न तथा पारवहन खर्चमा कटौती गरी हाम्रो व्यापारलाई प्रतिष्पर्धात्मक बनाउन वीरगन्जमा भूपरिवहन मालवाहक केन्द्रको स्थापनाको लागि रु.९ करोड ९ लाख छुट्याइएको छ । यसका अतिरिक्त निर्यात प्रवर्द्धन कोषका निम्ति रु.२ करोड ५० लाख छुट्याइएको छ ।

११४. बढ्दो शहरीकरण प्रकृयालाई योजनावद्ध रुपमा व्यवस्थित गर्न राष्ट्रिय शहरी विकास नीति तर्जुमा गरिनेछ। काठमण्डौ उपत्यकाको असन्तुलित शहरीकरणमा सुधार ल्याउन भू–उपयोग योजना तयार गरिनेछ। स्थानीय स्तरबाटै नियमित मर्मत संभार तथा संरक्षण हुने गरी अधिराज्यका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्व राख्ने क्षेत्रहरुको भौतिक सुधार विस्तारको कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ। भवन, आवास तथा शहरी विकास सम्बन्धी कार्यक्रमहरुको लागि रु.३० करोड रु. ३० करोड १० लाख छुट्याइएको छ।

११५. आराध्य–देव पशुपतिनाथको मन्दिर आर्यघाट क्षेत्रको बाग्मती नदीमा प्रदूषण हटाई स्वच्छ पार्ने काम युद्धस्तरमा योजनावद्धरुपमा संचालन गरी पशुपति आर्यघाट क्षेत्रमा स्वच्छ जल आपूर्तिको व्यवस्था गर्ने कार्य आगामी आर्थिक वर्षभित्र पूरा गर्न समेत बाग्मती क्षेत्र ढल निर्माणको लागि रु. ९ करोड ५० लाख विनियोजन गरेको छु।

११६. विज्ञान तथा प्रविधि क्षेत्रको निम्ति रु.१२ करोड ६० लाख विनियोजन गरिएको छ । च्छो–रोल्पा हिम तालको विस्फोटनबाट त्यस क्षेत्रमा हुन सक्ने संभावित क्षतिलाई कम गर्न विष्फोटनको पूर्व संकेत एवं प्रभाव न्यूनीकरण अध्ययनको कार्य गारिनेछ । यसका अतिरिक्त वैकल्पिक उर्जा प्रवर्द्धन तथा बाढी नियन्त्रण एवं प्रभाव न्यूनीकरण अध्ययनको कार्य गरिनेछ । यसका अतिरिक्त वैकल्पिक उर्जा प्रवर्द्धन तथा बाढी नियन्त्रण एवं प्रभाव न्यूनीकरणको निम्ति बाढी भविष्यवाणी गर्ने कार्यक्रम संचालन गरिनेछ।

११७. जनसंख्या तथा वातावरणको क्षेत्रमा राष्ट्रिय जनसंख्या कार्यक्रम तथा वातावरण संरक्षण कार्यक्रम संचालन गर्नको निम्ति रकमको व्यवस्था गरिएको छ।

११८. संवैधानिक अंगहरुको संस्थागत सुदृढीकरण तथा भौतिक अवस्थामा सुधार गर्ने उद्देश्यले दातृ निकायहरुबाट सहायता परिचालन गर्ने व्यवस्था मिलाइने छ । महालेखा परीक्षकको विभाग तथा लोकसेवा आयोगको संस्थागत सुदृढीकरण तथा भौतिक अवस्थामा सुधार ल्याउन उपयुक्त रकम विनियोजन गरिएको छ।

११९. बजेट तर्जुमा कार्यान्वयन तथा अनुगमन कार्यलाई व्यवस्थित गर्न सफ्टवेयर एवं कम्प्यूटर प्रणालीको विकास गरिएको छ। यसै क्रममा कार्यालय प्रयोगनको निम्ति तयार गरिने व्यय अनुमानको रकम विवरण पुस्तिकामा रकमगत रुपमा खर्चको स्रोत समेत खुलाई देखाइएको छ । वैदेशिक सहयोग संलग्न आयोजनाहरुको स्रोत पुस्तिकामा प्रत्येक आयोजनामा संलग्न दातृसंस्थाहरुको छुट्टा छुट्टै विवरण प्रस्तुत गरिएको छ। आगामी आर्थिक वर्षमा बजेट तर्जुमा एवं अनुगमनको कार्य अझ प्रभावकारी बनाउन बजेट तर्जुमा दिग्दर्शनको प्रयोग एवं केही मन्त्रालयहरुलाई अर्थ मन्त्रालयमा स्थापित कम्प्यूटर प्रणालीमा आवद्ध गरिनेछ।

१२०. मैले माथि पेश गरेको साधारण र विकास गरी कूल खर्च रु.६२ अर्व २ करोड २२ लाख ९४ हजार मध्ये राजस्वको वर्तमान स्रोतबाट रु.३४ अर्व ८५ करोड २४ लाख ७१ हजार, वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रु.६ अर्व २ करोड ९५ लाख २९ हजार र ऋण सहायताबाट रु.१५ अर्व ५४ करोड २ लाख ९४ हजार व्यहोरिने भई रु. ५ अर्व ६० करोड न्यून रहेको छ।

**सभामुख महोदय,**

१२१. अब म राजस्व सम्बन्धी प्रस्तावहरु प्रस्तुत गर्दछु।

१२२. केही समय यतादेखि राजस्व प्राप्तिमा देखा परेका संरचनात्मक परिवर्तनका संकेतहरुबाट राजस्व संकलनको कार्य पहिलेको भन्दा बढी चुनौतीपूर्ण हुन थालेको छ। यस्तो अवस्थामा स्वस्फूर्त लचकता स्थापित हुने गरी कर प्रणालीको रुपान्तरण गर्नु परेको छ। मूलतः हाल आयातमा आधारित राजस्व संकलनलाई व्यापक आधारयुक्त गर्न तथा वैज्ञानिक बनाउन मूल्य अभिवृद्धि करको कार्यान्वयनका साथै, उत्पादनशील क्षेत्रलाई प्रोत्साहित गरी आर्थिक कृयाकलापमा वृद्धि गर्ने एवं सर्वसाधारणलाई राहत दिने कार्य समेत गर्नु परेको छ। असल कर नीतिमा उपयुक्त दर, फराकिलो दायरा, सरल प्रकृया र चुस्त प्रशासन अन्तर्निहित हुनु पर्ने मान्यता अनुरुप करका दरहरुमा आवश्यक समायोजन र सुधार समेत गरी प्रस्ताव गरेको छु।

१२३. अब म अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु।

१२४. चुरोट, मदिरा जस्तो पदार्थहरुको उपभोगमा दुरुत्साहन गर्न हाल लागि आएको अन्तःशुल्क दरवन्दीको संरचनामा परिवर्तन गरी अन्तःशुल्क दरमा वृद्धि समेत गरेको छु । देशभित्र सवारी तथा ढुवानी साधन उत्पादन गर्न केही उद्योगहरुलाई इजाजत प्रदान गरी सकिएकोले यस्ता सवारी साधनमा अन्तःशुल्क लगाउन वान्छनीय देखिएको हुंदा पिकअपमा १५ प्रतिशत र हल्का सवारी साधनमा ४० प्रतिशत अन्तःशुल्क लगाउने थप प्रस्ताव गरेको छु। टेलिभिजन तथा इटामा लागि आएको अन्तःशुल्क व्यवस्थालाई खारेज गरेको छु।

१२५. आगामी आर्थिक वर्षमा मूल्य अभिवृद्धिकर लागू गर्ने श्री ५ को सरकारको निर्णय अनुरुप खास गरी उद्योग तथा व्यापारलाई प्रतिस्पर्धात्मक बनाउन एवं आम जनतालाई राहत दिन वर्तमान १५ प्रतिशतको बिक्रीकर दरलाई घटाई १० प्रतिशत कायम गरेको छु । बिक्रेतामा दर्ता नगरी मालसामान पैठारी गर्नेको हकमा भने सो दरको दोव्वर गरी भन्सार बिन्दुमा बिक्रीकर असूल गर्ने व्यवस्था गरेको छु । साथै हाल उत्पादकहरु मात्र बिक्रेतामा दर्ता हुने व्यवस्था भएकोमा उत्पादक वाहेक अन्य ठूला व्यवसायीहरु पनि दर्ता हुन सक्ने व्यवस्था गरेको छु । मूल्य अभिवृद्धि कर लागू भई बिक्रेता वा सेवा आपूर्तिकर्ताको रुपमा दर्ता गर्ने प्रकृया पूरा भएपछि दोव्वर दरमा कर असूली गर्ने व्यवस्था हटाइने छ ।

१२६. हालको ठेक्काकर, होटलकर र मनोरन्जन करलाई पछि गएर मूल्य अभिवृद्धिकरले प्रतिस्थापन गर्ने व्यवस्था रहेको छ । तत्कालका लागि साविकमा बन्दोबस्त भई सकेका ठेक्काहरुको सम्बन्धमा साविक ठेक्का कर कै व्यवस्था कायम गरेको छु । मनोरन्जन करको हकमा हाल नेपाली चलचित्र प्रदर्शनबाट प्राप्त करको अंश उत्पादक, प्रदर्शकहरु समेतलाई वितरण हुने भएकोले वैकल्पिक व्यवस्था नहुन्जेलसम्मको लागि मौजुदा व्यवस्था कायमै राखेको छु । होटल कर मूल्यअभिवृद्धि कर लागू भएपछि प्रतिस्थापित हुने गरी यसै आर्थिक वर्षको शुरुदेखिनै बिक्रीकरको रुपमा असूल गर्ने व्यवस्था मिलाएको छु ।

१२७. भन्सार महसूल तर्फ ५,१०,२० र ३० प्रतिशतका दरहरु कायम गरेको छु । हाल अधिकतम दर ११० प्रतिशत लागी आएको सवारी साधनहरुलाई विशेष दरको रुपमा ८० प्रतिशत कायम गरी अहिले लागी आएको महसुल नघट्ने गरी समायोजन गरेको छु । त्यस्तै मदिरा तथा चुरोटमा मूल्यको आधारमा महसूल लगाउने व्यवस्थाको सट्टा परिमाणको आधारमा लगाइने सरल व्यवस्था अपनाइएको छ । यसबाट होटल लगायत पर्यटन उद्योगको लागि विशेष सुविधा उपलब्ध हुन गई मदिरा तथा चुरोट आयात गर्न सुगम हुने विश्वास गरेको छु ।

१२८. भन्सार दर समायोजन तथा बिक्रीकर दर परिवर्तनको कारणबाट केही मालवस्तुहरुको पैठारी महसूल दरमा परिवर्तन गर्नु परेको छ । हाल उद्योगको मेशिनरीको आयातमा दिई आएको छुट यथावत नै राखेको छु । सिंचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर भन्दा बढीको इन्जिन सहितको पम्पिङ्ग सेटमा सम्बन्धित निकायको सिफारिसमा मात्र महसूल छुट दिने गरी आएकोमा सिफारिश आवश्यक नपर्ने गरी महसूल छुट गरिएको छ । साथै कृषि तथा पशुजन्य उद्योगलाई प्रोत्साहन गर्न यी उद्योगले पैठारी गर्ने सेपरेटर, मिल्क चिलिङ्ग भ्याट, लिक्विड नाइट्रोजन, औद्योगिक रेफ्रिजेरेटर, कन्टेनर एवं फिड प्लाण्टमा एक प्रतिशत मात्र भन्सार महसूल लिई बिक्रीकर छुट हुने व्यवस्था गरेको छु ।

१२९. शिक्षा तथा सूचना प्रवाहको क्षेत्रमा कम्प्यूटरको महत्वलाई हेरी कम्प्यूटर पार्टसको पैठारीमा लागी आएको पैठारी महसूल कम गरेको छु । साथै हाल लागी आएको टेलिभिजन तथा भिडियो दस्तुर खारेज गरेको छु ।

१३०. चामल, पिठो उत्पादन गर्ने उद्योगबाट निस्कने ढुटो, चोकर आदि उत्पादनहरु पर्याप्त आन्तरिक खपत हुन नसकेको र बढी महसूलको कारणबाट विदेश निकासी पनि हुन नसकेको परिप्रेक्ष्यमा ढुटो चोकर आदिको निकासी महसूल कम गरिएको छ । साथै चामल लगायतका खाद्य सामाग्रीहरुको निकासीमा लागेको परिमाणात्मक वन्देज हटाई त्यस्ता वस्तुके निकासीमा केही महसूल लाग्ने व्यवस्था गरेको छु ।

१३१ भन्सार मूल्याङ्कनलाई अन्तर्राष्ट्रिय पद्धति अनुकूल सरल बनाउने सिसिलामा कारोवार मूल्यलाई मान्यता दिँदै जाने कानूनी व्यवस्था समेत भइसकेको पृष्ठभूमिमा कारोवार मूल्यको यकिन गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

१३२ दक्षिण एशियाली खेलकुद सन् १९९९ मा मात्र हुने भएको र केही पूर्वाधारहरु निर्माण समेत भइसकेकोले उक्त खेलकुदको लागि आवश्यक रकम संकलन गर्न गत बर्ष लगाइएको साफ गेम शुल्क आगामी आर्थिक बर्ष देखि संकलन नगर्ने गरी हाललाई खारेज गरिएको छ ।

१३३ करका दरहरुमा गरिएको उपरोक्त परिवर्तन तथा प्रशासनिक सुधारबाट अप्रत्यक्ष करतर्फ रु.१ अर्ब ३७ करोड थप राजश्व परिचालन हुनेछ ।

१३४ अब म प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

१३५ चालु आर्थिक बर्षमा आयकर, घरजग्गा कर र घरवहालकर तर्फगरी थप १९ हजार करदातालाई करको दायरा भित्र ल्याई रु.५ करोड ६० लाख थप राजश्व असुल गरिएकोमा यो कार्यलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिई २५ हजार थप करदातालाई प्रत्यक्ष करको दायरामा ल्याउन लक्ष राखेको छु ।

१३६ व्यावसायिक संगठन एवं व्यावसायिक व्यक्तिलाई प्रोत्साहन गरी लगानी बृद्धि गर्न तथा वास्तविक आय घोषणा प्रोत्साहन गर्न करको दरमा समायोजन गरेको छु । यसका लागि कर्पोरेट, साझेदारी र व्यक्तिगत आयको उच्चतम करदर ३३ र ३० प्रतिशतबाट घटाई २५ प्रतिशत कायम गरेको छु । त्यस्तै बैक तथा वित्तीय संस्थाहरुको आयकर ३३

प्रतिशतबाट घटाई ३० प्रतिशत कायम गरेको छु । व्यक्तिगत आयकर तर्फको करमुक्त आय सीमा व्यक्तिको लागि रु.३० हजार र परिवारको लागि रु.४० हजार कायम गरेको छु । तोकिएको व्यवसाय गर्ने रु.५ लाखसम्म कारोवार भएका करदाता र साना घरेलु उद्योगले रु.१ हजार पूर्वानुमानित कर तिर्नुपर्ने व्यवस्थामा परिवर्तन गरी आगामी आर्थिक बर्षदेखि रु.७५० मात्र तिर्नु पर्ने व्यवस्था गरेको छु ।

१३७ केही भाडाका सवारी साधनहरुमा लाग्ने पूर्वानुमानित आयकर दरमा र निजी सवारी साधनमा लाग्ने सवारी साधनको बार्षिक सवारी साधन कर दरमा केही समायोजन गरी हेरफेर गरेको छु । सवारी साधन कर यातायात व्यवस्था विभाग वा अन्तर्गत कार्यालयहरुबाट असूलगर्ने व्यवस्था मिलाइएको छ ।

१३८ करको दायरामा आउन नसकेका करदातालाई करको दायरा भित्र ल्याउने उद्देश्यले स्वेच्छाले विगत बर्षहरुको आय घोषणा गरेमा त्यसता करदातालाई विवरण ढिला पेश गरेको कारणबाट हुन जरिवाना शुल्क मिनाहा दिने तथा अन्य कारवाही नहुने जस्ता सहुलियत दिने व्यवस्था गरेको छु । हाल दर्ता भएका लगती आयकरदाताहरु बाहेक अन्य व्यक्तिले बार्षिक रु.५ लाख भन्दा बढी रकम बैक वा वित्त कम्पनीमा जम्मा गर्न वा कुनै कम्पनीको शेयर खरिद गर्न वा रु.१० लाखभन्दा बढीको मोटरकार समेतका सम्पत्ति खरिद गर्नलाई आयकर तिरको निस्सा वा आफूलाई आयकर नलाग्ने प्रमाणपत्र पशे गर्न पर्ने व्यवस्था गरेको छु ।

१३९ कुनै व्यक्ति वा निजको परिवारको नाममा शहरी क्षेत्रमा घरजग्गा र मोटरकार दुबै रहेछ र त्यस्तो व्यक्तिले नियमित रुपमा आय विवरण पेश गरेको रहेनछ भने निजले आफ्नो आयविवरण कर कार्यालयमा दाखिला अनिवार्य रुपले गर्नुपर्ने व्यवस्था गरिएको छ ।

१४० सीमित आर्थिक कारोवार हुने दुर्गम क्षेत्रका जिल्लाहरुमा टाढा रहेको कर कार्यालयमा आउन पर्ने कठिनाई हटाई स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्न पाउने व्यवस्था मिलाइनेछ ।

१४१ कर प्रशासनलाई समयानुकल सुधार गर्दै लग्ने क्रममा कर अधिकृतले गरेको कर निर्धारण उपर महानिर्देशकले पुनरावेदन सरहको निवेदन सुन्ने हालको व्यवस्थामा परिवर्तन गरी सोको सट्टा तीन सदस्यीय प्रशासकीय पुनरावदेन समितिको गठन गर्नको लागि कानूनमा आवश्यक सुधार गर्ने तर्फ कारवाही गरिने छ ।

१४२ स्वयंकर निर्धारण गर्ने करदाताले आफ्नो आयबर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अघिल्लो आर्थिक बर्षमा बुझाएको आयकर बराबर वा सोभन्दा बढी रकम अग्रिमरुपमा दाखिला गरेमा स्वयंकर निर्धारणको विवरण फाराम भरी कर अधिकृतकहाँ दाखिला गर्ने म्याद चैत्र मसान्तसम्मको पाउने व्यवस्था गरेको छु ।

१४३ उद्योग, व्यापार,पेशा, व्यावसायीले काममा लगाएका कामदार कर्मचारीलाई मासिक रु.१ लाख रुपौयासम्म पारिश्रमिक दिइएकोमा कर अधिकृतले नै स्वीकृति दिन सक्ने व्यवस्था मिलाइएको छ ।

१४४ घरजग्गा किनबेच गर्ने समेतका पूँजीगत सम्पत्तिमा लगानी गरी पूँजीगत लाभ वा नाफा आर्जन गरी लाभ गर्ने करदाताको खुद आय कायम गर्ने तरीका छुट्टै तोकिने व्यवस्था मिलाइएको छ ।

१४५ उद्योग, ब्यापार पेशा व्यवसाय गर्ने करदाताले घरवहाल र पारिश्रमिक भुक्तानीमा आयकर वापत अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने भएता पनि त्यसरी अग्रिम कट्टा नगरेको कारणबाट मात्र आयकर दर्ता प्रमाणपत्र नवीकरण रोकका गरिनेछैन ।

१४६ नगरविकास उन्मुख केही गाँउ विकास समितिहरुको वडामा घरजग्गा कर लगाउने प्रयोजनको लागि त्यस्ता गाउँ विकास समितिका बडाहरु वर्गीकृत गरिएको छ । घरजग्गा कर असूली कार्यमा सक्रिय सहयोग पुऱ्याउने नगरपालिका तथा यो व्यवस्था लागु भएपछिका गाउँ विकास समितिहरुलाई कर कार्यालयले असूल गरेको कुल घरजग्गा कर मध्ये ७५ प्रतिशत रकम सम्बन्धित निकायलाई दिइने साविकको व्यवस्थालाई अझबढी सहभागितामूलक बनाउन प्रयास गरिनेछ ।

१४७ लेखा राख्न अनिवार्य भएका करदाताहरु र तोकिएको रकम भन्दा बढी कारोवार गर्नेले अनिवार्यरुपमा स्वयंकर निर्धारण गर्नुपर्नेछ । यस्तो स्वयंकर निर्धाराण विवरणसाथ लाग्ने कर रकमको निस्सा कर कार्यालयमा दाखिला भएकै बखत वा सोही दिनमा नभ्याए भोलिपल्ट कर अधिकृतले तोकिएको स्वयंकर दाखिला प्रमाणपत्र प्रमाणित गरी सम्बन्धित करदतालाई दिनुपर्छ । यस्तो प्रमाणपत्रलाई सम्बन्धित कर चुक्ता प्रमाणपत्र मानिनेछ । प्रारमिभक छानविन गर्दाको बखत फेला पारेका कर घटाउने बदनियतपूर्ण त्रुटिहरु वा कार्यालयमा उपलबध अभिलेख, अनुसन्धनात्मक तथ्यहरुसँग मिलान नभएका वा सुराकी सूचना, उजुरीका आधारमा त्यस्तो स्वयंकर निर्धाराण विवरणहरुको विस्तृत छानविन गरिनेछ । यसका अतिरिक्त विभिन्न आय र पेशा–व्यवसायी समूह समावेश हुने गरी २५ प्रतिशत नमूना छनौटमा परेका स्वयंकर निर्धारण विवरण विस्तृत छानविनका बिषय बनाइनेछन् ।

१४८ मूल्य अभिबृद्धि कर लागेको मालबस्तु वा सेवामा सो कर प्रयोजनको लागि मूल्य अभिबृद्धि कर कार्यालयबाट मान्यता पाएको कारोवारको तथ्याङ्क अन्यथा प्रमाणीत भएकोमा बाहेक आयकर प्रयोजनको लागि पनि मान्य हुनेछ ।

१४९ करदाताले आफूले तिर्नपर्ने करको रकम तिर्न कर अधिकृतबाट भौचर प्रमाणीत गर्नु पर्ने व्यवस्था हटाई आफै बैंक भौचर भरी बैंक दाखिला गर्न सक्ने व्यवस्था मिलाएको छु ।

१५० प्रत्यक्ष करका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुदृढिकरणबाट थप रु.३८ करोड राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

१५१ विक्रीकर, अन्तःशुल्क तथा भन्सारका दरहरु आजकै मिति देखि लागू हुनेछन् ।

१५२ प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर बाहेक अरु दरहरु यथावत राखेको छु । राजश्वको वर्तमान श्रोतबाट प्राप्त रकम बाहेक कर र गैर कर राजस्वको दरहरुमा गरिएको परिवर्तन तथा प्रशासनिक सुधारबाट रु.२ अर्ब २० करोड थप राजश्व उठ्ने अनुमान गरेको छु । यस प्रकार रु.३ अर्ब ४० करोड खुद न्यून रहन जानेछ ।

**सभामुख महोदय,**

१५३ उपरोक्त न्यून पूर्ति गर्ने क्रममा बैकिंग क्षेत्रबाट रु.१ अर्ब ६० करोड तथा गैर बैकिंग क्षेत्रबाट रु.१ अर्ब ८० करोड आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ । बैकिंग क्षेत्रबाट उठाईने ऋण मध्ये रु.२५ करोड गोरखकाली रबर उद्योगले श्री ५ को सरकारको जमानतमा बैकिंग क्षेत्रबाट लिएको ऋणको साँवा ब्याज भुक्तानी गर्न संस्थागत पुनर्स्थापनाको आधारमा सो उद्योगलाई ऋण उपलब्ध गराइने छ ।

१५४ आर्थिक बर्ष २०५२।५३ को यथार्थ आय व्यय, आर्थिक बर्ष २०५३।५४ को संशोधित आय व्ययको अनुमान र आर्थिक बर्ष २०५४।५५ को अनुमानित आय व्यय अनुसूचीहरुमा उल्लखे गरेको छु ।

१५५ मित्रराष्ट्र तथा दातृ संस्थाहरुबाट श्री ५ को सरकारलाई दिइने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्बन्धी संक्षिप्त विवरण छुट्टै प्रस्तुत गरेको छु ।

१५६ देशमा व्याप्त कहालीलाग्दो गरिवी, ग्रामीण पछौटेपन, कृषि क्षेत्रको मन्द बृद्धि तथा गैर कृषि क्षेत्रको उत्पादनको बृद्धिदरमा आएको कमी समेतलाई ध्यानमा राखी आगामी आर्थिक बर्षको बजेटमा गरिवी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्याक्रम संचालन गर्न प्रयत्न गरेको छु । विकेन्द्रीकरणको सिद्धान्त अनुरुप जन सहभागिताको आधारमा स्थानीय साधन र श्रोतको परिचालन गरी ग्रामीण क्षेत्रमा विकासको दिगो जग बसाउने, कृषि क्षेत्रको लागि दीर्घकालीन योजना लागु गर्ने तथा गैरकृषि क्षेत्रमा वित्तीय प्रोत्साहनहरु प्रदान गरी उत्पादनशील क्षेत्रहरुलाई प्रोत्साहित गर्ने रणनीति अख्तियार गरिएको छ । कर संरचनामा भएको ब्यापक सुधारले गर्दा आम जनतालाई पनि राहत पुग्ने विश्वास लिएको छु ।

१५७ प्रस्तुत बजेटमा अवलम्बन गरिएका नीति तथा व्यापक सुधारका कार्यक्रमहरुबाट आगामी आर्थिक बर्ष २०५४।५५ मा राजश्व संकलन कूल गार्हस्थ उत्पादनको अनुपातमा ०.६ प्रतिशतले बृद्धि भै १२.१ प्रतिशत पुग्ने पूर्वानुमान गरिएको छ। आगमी आर्थिक बर्षमा कालिगण्डकी "ए" को निर्माण कार्य तिब्र बनाउन विदेशी ऋणको विनियोजन बढाउनु परेकोले बजेट घाटामा केही बृद्धि हुन गएको देखिन्छ । तर कालिगण्डकी विनियोजन गरिएको रकम अलग राख्ने हो भने बजेटघाटा कम हुने देखिन्छ । चालु आर्थिक बर्षमा आन्तरिक ऋण र ओभरड्राफ्ट समेत गरी खूद आन्तरिक ऋण कूल गार्हस्थ उत्पादनको १.१ प्रतिशत भएकोमा आगामी आर्थिक बर्षमा यो अंश करिब आधा प्रतिशत मात्र हुने अनुमान छ ।

१५८ आगामी आर्थिक बर्ष २०५४।५५ मा लिईने नीति तथा आर्थिक क्रियाकलापबाट मुद्रा प्रदाय करिव १३ प्रतिशतमा स्थिर रहने र कर संरचनामा भएको सुधार तथा मुद्रा प्रदायमा हुने नियन्त्रणले गर्दा मूल्य बृद्धि ७ प्रतिशत मात्र हुने अनुमान गरिएको छ । बजेटले अवलम्बन गरेको नीतिले गर्दा सरकारी तथा निजी क्षेत्रमा बढ्न सक्ने आर्थिक क्रियाकलापलाई समेत ध्यानमा राख्दा आर्थिक बर्ष २०५४।५५ मा कूल गार्हस्थ उत्पादन ५ देखि ६ प्रतिशतले बढ्ने पूर्वानुमान गरेको छु ।

१५९ मैले आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा सल्लाह र सुझाव दिई सहयोग गर्नु हुने माननीय सांसद मित्रहरु, बृद्धिजीवी, उद्योगपति, ब्यापारी, पत्रकार, महामहिम राजदूतहरु तथा दातृसंस्थाका प्रतिनिधि भित्रहरु सबैप्रति आभार प्रकट गर्न चाहन्छु । साथै नेपालको आर्थिक तथा सामाजिक विकासमा सघाउ पुऱ्याउने मित्रराष्ट्रहरु तथा दातृ संस्थाहरुबाट प्राप्त सहयोगको लागि श्री ५ को सरकारको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु ।

१६० अन्तमा, आर्थिक बर्ष २०५४।५५ को यस बजेटको सफल कार्यान्वयनको लागि सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

**धन्यवाद**

आय व्ययको विवरण

अनुसूची १
रु. हजारमा

| विवरण | आ.ब. २०५२।५३ को यथार्थ | आ.ब. २०५३।५४ को संशोधित अनुमान | आ.ब. २०५४।५५ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | ४६५४२३८० | ५११६८१२४ | ६२०२२२९४ |
| साधारण तर्फ | २१५६१८५० | २४७२०९२२ | २७९८३४४६ |
| बिकास तर्फ | २४९८०५३० | २६४४७२०२ | ३४०३८८४८ |
| खर्च व्यहोर्ने श्रोतहरु | ३२७१८२५१ | ३६२८४३२६ | ४३०८२००० |
| राजश्व | २७८९३०७८ | ३१२१४१३१ | ३७०५२४७१ |
| राजश्वको वर्तमान श्रोतबाट | २७८९३०७८ | ३१२१४१३१ | ३४८५२४७१ |
| कर परिर्वतन तथा प्रशासनिक सुधार | | | २२००००० |
| बैदेशिक सहायता (अनुदान) | ४८२५१७३ | ५०७०१९५ | ६०२९५२९ |
| द्विपक्षीय | ३०७३३३८ | ३९७६१९२ | ३८७७८२९ |
| बहुपक्षीय | १७५१८३५ | १०९४००३ | २१५१७०० |
| बचत (+), न्यून (–) | -१३८२४१२९ | -१४८८३७९८ | -१८९४०२९४ |
| न्यून पूर्ति गर्ने श्रोतहरु | | | |
| बैदेशिक सहायता (ऋण) | ९४६३९०३ | १०४७८१५६ | १५५४०२९४ |
| द्विपक्षीय | ४६०००१ | ४७२५०० | ९४६५६५ |
| बहुपक्षीय | ९००३९०२ | १०००५६५६ | १४५९३७२९ |
| आन्तरिक ऋण | २२००००० | ३०००००० | ३४००००० |
| बैकिङ्ग क्षेत्र | ७५०००० | १५००००० | १६००००० |
| गैर बैकिङ्ग क्षेत्र | १४५०००० | १५००००० | १८००००० |
| नगद मौज्दातमा परिवर्तन (–बचत) | -२१६०२२६ | -१४०५६४२ | |

राजश्व अनुमान
आर्थिक बर्ष २०५४।५५

अनुसूची २
रु. हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन तथा परुशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.०१.०० | बैदेशिक व्यापारमा आधारित बस्तुगत कर | ९५००००० | २००००० | ९७००००० |
| १.१.०१.१० | पैठारी महसूल | ८१६०००० | २००००० | ८३६०००० |
| १.१.०१.२० | समकारक महसूल | ३०००० | ० | ३०००० |
| १.१.०१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ११००००० | ० | ११००००० |
| १.१.०१.४० | निकासी महसूल | ७५००० | ० | ७५००० |
| १.१.०१.५० | निकासी सेवा शुल्क | ११५००० | ० | ११५००० |
| १.१.०१.६० | भन्सारको अन्य आय | २०००० | ० | २०००० |
| १.१.०२.०० | बस्तु तथा सेवामा आधारित आन्तरिक बस्तुगत कर | १२७२५२५१ | ११७०००० | १३८९५२५१ |
| १.१.०२.१० | विक्री कर/मूल्यअभिबृद्धि कर | ८६६०००० | ७८०००० | ९४४०००० |
| १.१.०२.११ | उत्पादन | ११४०००० | ६०००० | १२००००० |
| १.१.०२.१२ | पैठारी महसूल | ६६३०००० | ५१०००० | ७१४०००० |
| १.१.०२.१३ | विक्री वितरण | २९०००० | २१०००० | ५००००० |
| १.१.०२.१४ | सेवा | ६००००० | ० | ६००००० |
| १.१.०२.२० | अन्तःशुल्क | २८१०००० | २९०००० | ३१००००० |
| १.१.०२.२१ | चुरोट | १३००००० | २००००० | १५००००० |
| १.१.०२.२२ | विडी | ३०००० | ० | ३०००० |
| १.१.०२.२३ | उच्च कोटीको मदिरा | ७७५००० | ५०००० | ८२५००० |
| १.१.०२.२४ | `निम्न कोटीको मदिरा | ५००० | ० | ५००० |
| १.१.०२.२५ | वियर | ६१०००० | ४०००० | ६५०००० |
| १.१.०२.२६ | अन्य औद्योगिक उत्पादन | ९०००० | ० | ९०००० |
| १.१.०२.३० | ठेक्का कर | ५००००० | ० | ५००००० |
| १.१.०२.४० | मनोरञ्जन कर | १५०००० | ० | १५०००० |
| १.१.०२.५० | सावरी साधन कर | १५०००० | १००००० | २५०००० |
| १.१.०२.६० | होटेल कर | ५५२५१ | ० | ५५२५१ |
| १.१.०२.७० | हवाई उडान कर | ४००००० | ० | ४००००० |
| १.१.०२.७१ | आन्तरिक हवाई उडान कर | ४०००० | ० | ४०००० |
| १.१.०२.७२ | बाह्य हवाई उडान कर | ३६०००० | ० | ३६०००० |
| | प्रत्यक्ष कर जम्मा | २२२२५२५१ | १३७०००० | २३५९५२५१ |
| १.१.०३.०० | आयकर | ४३७०००० | ३८०००० | ४७५०००० |
| १.१.०३.१० | संस्थागत आय कर | २७६०००० | १५०००० | २९१०००० |
| १.१.०३.११ | सरकारी प्रतिष्ठानहरु | ११५०००० | ० | ११५०००० |
| १.१.०३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | ८६०००० | १००००० | ९६०००० |
| १.१.०३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ७५०००० | ५०००० | ८००००० |
| १.१.०३.२० | व्यक्तिगत आयकर | १३००००० | २३०००० | १५३०००० |
| १.१.०३.२१ | पारिश्रमिक | १८०००० | ० | १८०००० |
| १.१.०३.२२ | उद्योग, ब्यापार पेशा तथा ब्यवसाय | ११२०००० | २३०००० | १३५०००० |
| १.१.०३.३० | घर जग्गा बहाल कर | १५०००० | ० | १५०००० |
| १.१.०३.४० | ब्याज कर | १६०००० | ० | १६०००० |
| १.१.०४.०० | घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर | १२५०००० | ० | १२५०००० |
| १.१.०४.१० | मालपोत | १००० | ० | १००० |
| १.१.०४.२० | भूमिकर | ५०० | ० | ५०० |
| १.१.०४.३० | घर जग्गा रजिष्ट्रेशन | ११४८५०० | ० | ११४८५०० |
| १.१.०४.४० | घर जग्गा कर | १००००० | ० | १००००० |
| | प्रत्यक्ष कर जम्मा | ५६२०००० | ३८०००० | ६०००००० |
| | कर राजश्व जम्मा | २७८४५२५१ | १७५०००० | २९५९५२५१ |
| १.१.०५.०० | दस्तुर तथा शुल्क | १२०३८०० | ५०००० | १२५३८०० |
| १.१.०५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ५५००० | ० | ५५००० |
| १.१.०५.२० | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ५००० | ० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.०५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ३५०० | ० | ३५०० |
| १.१.०५.४० | सवारी इजाजत दस्तुर | ७०००० | ० | ७०००० |
| १.१.०५.५० | निकासी पैठारी इजाजत दस्तुर | १९४०० | ० | १९४०० |
| १.१.०५.६० | परीक्षा दस्तुर | २०००० | ० | २०००० |
| १.१.०५.७० | पासपोर्ट दस्तुर | ३६८००० | ५०००० | ४१८००० |
| १.१.०५.८० | पर्यटन शुल्क | ६०९५०० | ० | ६०९५०० |
| १.१.०५.८१ | भिसा शुल्क | ३००००० | ० | ३००००० |
| १.१.०५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | ३००००० | ० | ३००००० |
| १.१.०५.८३ | अन्य शुल्क | ९५०० | ० | ९५०० |
| १.१.०५.९० | अन्य प्रशासनिक दस्तुर | ५३४०० | ० | ५३४०० |
| १.१.०६.०० | हण्ड, जरिवाना र जफत | १४०००० | ० | १४०००० |
| १.१.०६.१० | न्यायीक दस्तुर, दण्ड, जरिवाना र जफत | १२०००० | ० | १२०००० |
| १.१.०६.२० | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००० | ० | २०००० |
| १.१.०७.०० | सरकारी सम्पत्ति, सेवा तथा वस्तुहरुको विक्री तथा | ११०५००० | ० | ११०५००० |
| १.१.०७.१० | जलश्रोत क्षेत्रको आय | ३०००० | ० | ३०००० |
| १.१.०७.११ | पिउने पानी | २५००० | ० | २५००० |
| १.१.०७.१२ | सिंचाई | २००० | ० | २००० |
| १.१.०७.१३ | विद्युत | ३००० | ० | ३००० |
| १.१.०७.२० | हुलाक क्षेत्रको आय | १८०००० | ० | १८०००० |
| १.१.०७.३० | खाद्य कृषि क्षेत्रको आय | ३५००० | ० | ३५००० |
| १.१.०७.४० | शिक्षा क्षेत्रको आय | ४०००० | ० | ४०००० |
| १.१.०७.५० | वन क्षेत्रको आय | ४५०००० | ० | ४५०००० |
| १.१.०७.६० | यातायात क्षेत्रको आय | २७०००० | ० | २७०००० |
| १.१.०७.७० | सरकारी क्षेत्रको अन्य आय | १००००० | ० | १००००० |
| १.१.०८.०० | लाभांश | १३२७३०० | ० | १३२७३०० |
| १.१.०८.१० | वित्तीय प्रतिष्ठान | १२६२८०० | ० | १२६२८०० |
| १.१.०८.२० | व्यापारीक प्रतिष्ठान | २५००० | ० | २५००० |
| १.१.०८.३० | औद्योगिक प्रतिष्ठान | ३५०० | ० | ३५०० |
| १.१.०८.०४ | सेवा मूलक प्रतिष्ठान | ३५००० | ० | ३५००० |
| १.१.०८.५० | अन्य | १००० | ० | १००० |
| १.१.०९.०० | ब्याज कर | १६००००० | ० | १६००००० |
| १.१.०९.१० | वित्तीय प्रतिष्ठान | ७५००० | ० | ७५००० |
| १.१.०९.२० | व्यापारीक प्रतिष्ठान | १००० | ० | १००० |
| १.१.०९.३० | औद्योगिक प्रतिष्ठान | ५०००० | ० | ५०००० |
| १.१.०९.४ | सेवा मूलक प्रतिष्ठान | १४७३००० | ० | १४७३००० |
| १.१.०९.५० | अन्य | १००० | ० | १००० |
| १.१..१०.०० | रोयल्टी र सरकारी सम्पत्ति विक्री | २४०००० | २००००० | ४४०००० |
| १.१..१०.१० | रोयल्टी | १८०००० | २००००० | ३८०००० |
| १.१..१०.११ | खानी रोयल्टी | ५००० | ० | ५००० |
| १.१..१०.१२ | जलश्रोत सम्बन्धी रोयल्टी | १४०००० | २००००० | ३४०००० |
| १.१..१०.१३ | अन्य रोयल्टी | ३५००० | ० | ३५००० |
| १.१..१०.२० | विक्री | ६०००० | ० | ६०००० |
| १.१..१०.२१ | सरकारी घर जग्गा विक्री | २०००० | ० | २०००० |
| १.१..१०.२२ | सरकारी सामान विक्री | २५००० | ० | २५००० |
| १.१..१०.२३ | अन्य विक्री | १५००० | ० | १५००० |
| १.१.११.०० | साँव फिर्ता | १३११२०० | ० | १३११२०० |
| १.१.११.१० | वित्तीय प्रतिष्ठान | २५०००० | ० | २५०००० |
| १.१.११.२० | व्यापारीक प्रतिष्ठान | १००० | ० | १००० |
| १.१.११.३० | औद्योगिक प्रतिष्ठान | १६०००० | ० | १६०००० |
| १.१.११.४० | सेवा मूलक प्रतिष्ठान | ९००००० | ० | ९००००० |
| १.१.११.५० | अन्य | २०० | ० | २०० |
| १.१.१२.०० | दातव्य तथा उपहार विविध आय | ७९९२० | २००००० | २७९९२० |
| १.१.१२.१० | दातव्य तथा उपहार | २०० | ० | २०० |
| १.१.१२.२० | विविध आय | ७९७२० | २००००० | २७९७२० |
| | गैर कर राजश्व जम्मा | ७००७२२० | ४५०००० | ७४५७२२० |
| | राजश्व जम्मा | ३४८५२४७१ | २२००००० | ३७०५२४७१ |

आर्थिक बर्ष २०५४।५५ को बजेट अनुमानको सारांश

अनुसूची ३

रु. हजारमा

| विवरण | २०५२।५३ को यथार्थ खर्च | २०५३।५४ को संशोधिन अनुमान | २०५४।५५ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | ४६५४२३८० | ५११६८१२४ | ६२०२२२९४ |
| साधारण | २१५६१८५० | २४७२०९२२ | २७९८३४४६ |
| विकास | २४९८०५३० | २६४४७२०२ | ३४०३८८४८ |
| विकास केन्द्रीयस्तर | १९७९५११९ | २१३२०२१० | २७४०९४८५ |
| विकास जिल्लास्तर | ५१८५४११ | ५१२६९९२ | ६६२९३६३ |
| संचित कोष माथि व्ययभार हुने | ६८७६८३७ | ७८१७६९४ | ८३७२२०५ |
| संचित कोषबाट विनियोजन हुने | ३९६६५५४३ | ४३३५०४३० | ५३६५००८९ |
| कर्मचारी खर्च | | | १२३५७११९ |
| अन्य खर्च | | | २१३६६६७६ |
| पूँजीगत खर्च | | | २८२९८४९९ |

अनुसूची ४

## आर्थिक वर्ष २०५४।५५ को व्यय अनुमान

रु. हजारमा

| अनुदान संख्या | विवरण | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|
| ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० |
| १२ | राजपरिषद् | ५८०२ | ० | ५८०२ |
| १३ | संसद | १२६८०४ | ० | १२६८०४ |
| १४ | अदालत | २४९८९३ | ० | २४९८९३ |
| १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६६३३ | ० | ६६३३ |
| १६ | महालेखा परिक्षकको विभाग | ३२७३२ | १५०० | ३४२३२ |
| १७ | लोक सेवा आयोग | ४०८२२ | ३००० | ४३८२२ |
| १८ | निर्वाचन आयोग | ४४९२४ | ० | ४४९२४ |
| १९ | महान्यायाधिवक्तको कार्यालय | ४७४९७ | ० | ४७४९७ |
| २० | न्याय परिषद् | १५५६ | ० | १५५६ |
| २५ | प्रधानमन्त्रिको कार्यालय | ७६३४ | ० | ७६३४ |
| २६ | उप–प्रधानमन्त्रिको कार्यालय | ३११५ | ० | ३११५ |
| ३० | मन्त्रिपरिषद् | २९७१३ | ० | २९७१३ |
| ३५ | अर्थ मन्त्रालय | २८२२१४ | ३३४८०० | ६१७०१४ |
| ३६ | आपूर्ति मन्त्रालय | ३६६६ | २२६००० | २२९६६६ |
| ३७ | आवास तथा भौतिक योजना मन्त्रालय | ९४६०३ | १६७८०९० | १७७२६९३ |
| ३८ | उद्योग मन्त्रालय | २३२४८२ | २७९२१४ | ५११६९६ |
| ३९ | कानून तथा न्या मन्त्रालय | १६४७९ | ० | १६४७९ |
| ४० | कृषि मन्त्रालय | ९२९१६ | २१७४२७७ | २२६७१९३ |
| ४५ | गृह मन्त्रालय | २९२९२७५ | ४९१४ | २९३४१८९ |
| ४+ | जनसंख्या तथा वातावरण मन्त्रालय | ५४५६ | २५३१० | ३०७६६ |
| ४७ | जलश्रोत मन्त्रालय | १२८३२१ | ३०७८६५३ | ३२०६९७४ |
| ४८ | निर्माण तथा यातायात मन्त्रालय | १७७९२० | ४६६२३२३ | ४८४०२४३ |
| ४९ | पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | ११०३३७ | १०१०३१७ | ११२०६५४ |
| ५० | परराष्ट्र मन्त्रालय | ६०३८२० | ० | ६०३८२० |
| ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २२३०७५ | २४२४२९ | ४६५५०४ |
| ५६ | महिला तथा सामाज कल्याण मन्त्रालय | ४७५६५ | १६३२५ | ६३८९० |
| ५७ | युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | ८३१७६ | ६०२०८० | ६८५२५६ |
| ५८ | रक्षा मन्त्रालय | २६३०७८१ | ० | २६३०७८१ |
| ५९ | बन तथा भू संरक्षण मन्त्रालय | ५६४०७२ | ५१५३८६ | १०७९४५८ |
| ६० | बाणिज्य मन्त्रालय | २०२६० | ११६४०१ | १३६६६१ |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | १२७५४ | १२६००३ | १३८७५७ |
| ६५ | शिक्षा मन्त्रालय | ५४५५४७६ | २६५९४४६ | ८११४९२२ |
| ६६ | सामान्य प्रशासन मन्त्रालय | ३५३५० | ३००० | ३८३५० |
| ६७ | सूचना तथा सञ्चार मन्त्रालय | ५८७२४० | ९१०८२ | ६७८३२२ |
| ६८ | संसदीय व्यवस्था मन्त्रालय | २०२८ | ० | २०२८ |
| ६९ | स्थानीय विकास मन्त्रालय | २९३१९ | ४२३२४३९ | ४२६१७५८ |
| ७० | स्वास्थ मन्त्रालय | ११३८८४३ | २७११९६ | ३८५००३९ |
| ७१ | श्रम मन्त्रालय | १२५८२ | ६३६४८ | ७६२३० |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ४९३०१ | २४७७२ | ७४०७३ |
| ८१ | अर्थ मन्त्रालय – आन्तरिक ऋण भुक्तानी | ४२०३२०० | ० | ४२०३२०० |
| ८२ | अर्थ मन्त्रालय – बैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २९००००० | ० | २९००००० |
| ८३ | अर्थ मन्त्रालय – बैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | १०६६५०० | ० | १०६६५०० |
| ८६ | अर्थ मन्त्रालय – लगानी बैदेशिक संस्थाहरु | २५४०० | ० | २५४०० |
| ८७ | अर्थ मन्त्रालय – लगानी सार्वजनि संस्था | ० | ८७५३५४३ | ८७५३५४३ |
| ८८ | अर्थ मन्त्रालय – लगानी अन्य | ० | १२०००० | १२०००० |
| ९५ | अर्थ मन्त्रालय –विविध | ३५४८५०० | २८२७०० | ३८३१२०० |
| | जम्मा | २७९८३४४६ | ३४०३८८४८ | ६२०२२२९४ |

## राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | आर्थिक बर्ष २०५२।५३ को यथार्थ | आर्थिक बर्ष २०५३।५४ को संशोधित अनुमान |
|---|---|---|---|
| १.१.०१.०० | वैदेशिक व्यापारमा आधारित बस्तुगत कर | ७३२७३६४ | ८५९५८०५ |
| १.१.०१.१० | पैठारी महसूल | ६२४६४५१ | ७३४३१५० |
| १.१.०१.२० | समकारक महसूल | ७६७० | २५९१७ |
| १.१.०१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ८९९८८८ | १०३६६८० |
| १.१.०१.४० | निकासी महसूल | ५०९८८ | ६०४७३ |
| १.१.०१.५० | निकासी सेवा शुल्क | ९८९१४ | ११२३०७ |
| १.१.०१.६० | भन्सारको अन्य आय | २३४५३ | १७२७८ |
| १.१.०२.०० | बस्तु तथा सेवामा आधारित आन्तरिक बस्तुगत कर | ९७५५३८२ | ११२८१०१८ |
| १.१.०२.१० | विक्री कर/मूल्यअभिबृद्धि कर | ६४३१२८४ | ७३३०६४९ |
| १.१.०२.११ | उत्पादन | १६४२३५५ | १३१९५१६ |
| १.१.०२.१२ | पैठारी महसूल | ४३८१५२८ | ५४३९३४३ |
| १.१.०२.१३ | विक्री वितरण | १५२९७ | ५८६४५ |
| १.१.०२.१४ | सेवा | ३९२१०४ | ५१३१४५ |
| १.१.०२.२० | अन्तःशुल्क | १९४४२५४ | २३५४१५७ |
| १.१.०२.२१ | चुरोट | ८७२२६७ | ११२७६४१ |
| १.१.०२.२२ | विडी | ७२७८ | २५८९६ |
| १.१.०२.२३ | उच्च कोटीको मदिरा | ३४७१९३ | ५६४९९८ |
| १.१.०२.२४ | निम्न कोटीको मदिरा | १८८०८५ | ४७०८३ |
| १.१.०२.२५ | वियर | ४०५०८९ | ४७०८३१ |
| १.१.०२.२६ | अन्य औद्योगिक उत्पादन | १२४३४२ | ११७७०८ |
| १.१.०२.३० | ठेक्का कर | ६१३३७६ | ७००००० |
| १.१.०२.४० | मनोरञ्जन कर | १००३७९ | ११५०९६ |
| १.१.०२.५० | सावरी साधन कर | ७०७८२ | ११९५२८ |
| १.१.०२.६० | होटेल कर | २८४१८२ | ३२९९४७ |
| १.१.०२.७० | हवाई उडान कर | ३१११२५ | ३३१६४१ |
| १.१.०२.७१ | आन्तरिक हवाई उडान कर | ६९७०६ | २३२१५ |
| १.१.०२.७२ | बाह्य हवाई उडान कर | २४१४१९ | ३०८४२६ |
| | अप्रत्यक्ष कर जम्मा | १७०८२७४६ | १९८७६८२३ |
| १.१.०३.०० | आयकर | ३४३१३६६ | ३८६७२४६ |
| १.१.०३.१० | संस्थागत आय कर | २२७२५६० | २४४४६०० |
| १.१.०३.११ | सरकारी प्रतिष्ठानहरु | ११४४४८१ | ९७७८४० |
| १.१.०३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | ५६३८९९ | ७८२२७२ |
| १.१.०३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ५६४१८० | ६८४४८८ |
| १.१.०३.२० | व्यक्तिगत आयकर | ९३२९७६ | ११६०४०० |
| १.१.०३.२१ | पारिश्रमिक | १३३१४४ | १६५०६० |
| १.१.०३.२२ | उद्योग, व्यापार पेशा तथा व्यवसाय | ७९९८३२ | ९९५३४० |
| १.१.०३.३० | घर जग्गा बहाल कर | १०६०४१ | १२७३०० |
| १.१.०३.४० | ब्याज कर | ११९७८९ | १३४९४६ |
| १.१.०४.०० | घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर | ११५३८५५ | ११६०८०० |
| १.१.०४.१० | मालपोत | ११४६९ | ७०९२ |
| १.१.०४.२० | भूमिकर | ६७४० | ३२८२ |
| १.१.०४.३० | घर जग्गा रजिष्ट्रेशन | १०४८४१४ | १०५५४३४ |
| १.१.०४.४० | घर जग्गा कर | ८७२३२ | ९४९९२ |
| | प्रत्यक्ष कर जम्मा | ४५८५२२१ | ५०२८०४६ |
| | कर राजश्व जम्मा | २१६६७९६७ | २४९०४८६९ |
| १.१.०५.०० | दस्तुर तथा शुल्क | ८१४१५२ | ४२४९२६० |
| १.१.०५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ३७९४७ | ४५००० |
| १.१.०५.२० | एजेन्सी रजिष्ट्रेशन दस्तुर | १२५५ | ३००० |
| १.१.०५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | २५१९ | ३५०० |
| १.१.०५.४० | सवारी इजाजत दस्तुर | ५७१६६ | ७०००० |
| १.१.०५.५० | निकासी पैठारी इजाजत दस्तुर | ७१२६ | १९४८५ |

| | | | |
|---|---|---|---|
| १.१.०५.६० | परीक्षा दस्तुर | १०८६२ | २०००० |
| १.१.०५.७० | पासपोर्ट दस्तुर | २६१३४० | ३५००००० |
| १.१.०५.८० | पर्यटन शुल्क | ३९४५७३ | ५४०२७५ |
| १.१.०५.८१ | भिसा शुल्क | १९६८९६ | २८०७५० |
| १.१.०५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | १९४२४० | २५०००० |
| १.१.०५.८३ | अन्य शुल्क | ३४३७ | ९५२५ |
| १.१.०५.९० | अन्य प्रशासनिक दस्तुर | ४१३६४ | ४८००० |
| १.१.०६.०० | हण्ड, जरिवाना र जफत | १२७८५४ | १३५००० |
| १.१.०६.१० | न्यायीक दस्तुर, दण्ड, जरिवाना र जफत | ११४८३४ | ११५००० |
| १.१.०६.२० | प्रशासनिक दण्ड, जरिवाना र जफत | १३०२० | २०००० |
| १.१.०७.०० | सरकारी सम्पत्ति, सेवा तथा वस्तुहरुको बिक्री तथा | १०१७२६५ | १०७५००० |
| १.१.०७.१० | जलश्रोत क्षेत्रको आय | २३३९३ | ३०००० |
| १.१.०७.११ | पिउने पानी | १९२०८ | २५००० |
| १.१.०७.१२ | सिंचाई | १६६० | २००० |
| १.१.०७.१३ | विद्युत | २५२५ | ३००० |
| १.१.०७.२० | हुलाक क्षेत्रको आय | १५७५४९ | १८५००० |
| १.१.०७.३० | खाद्य कृषि क्षेत्रको आय | २०९७७ | ३५००० |
| १.१.०७.४० | शिक्षा क्षेत्रको आय | २२६७३ | २५००० |
| १.१.०७.५० | वन क्षेत्रको आय | ४४२१०८ | ४५०००० |
| १.१.०७.६० | यातायात क्षेत्रको आय | २६३०४० | २५०००० |
| १.१.०७.७० | सरकारी क्षेत्रको अन्य आय | ८७५२५ | १००००० |
| १.१.०८.०० | लाभांश | १३६३००९ | १२१७३८० |
| १.१.०८.१० | वित्तीय प्रतिष्ठान | १२८१३३१ | ११६०००० |
| १.१.०८.२० | व्यापारीक प्रतिष्ठान | ४७१७५ | १७८८० |
| १.१.०८.३० | औद्योगिक प्रतिष्ठान | २००० | ३५०० |
| १.१.०८.०४ | सेवा मूलक प्रतिष्ठान | ३११२१ | ३५००० |
| १.१.०८.५० | अन्य | १३८२ | १००० |
| १.१.०९.०० | ब्याज कर | १७२४८९७ | १५१९५६२ |
| १.१.०९.१० | वित्तीय प्रतिष्ठान | ४२६३० | ८५४६५ |
| १.१.०९.२० | व्यापारीक प्रतिष्ठान | २ | १००० |
| १.१.०९.३० | औद्योगिक प्रतिष्ठान | ५९३२७ | ४२०४० |
| १.१.०९.४ | सेवा मूलक प्रतिष्ठान | १६२२२१५ | १३९००५७ |
| १.१.०९.५० | अन्य | ७२३ | १००० |
| १.१..१०.०० | रोयल्टी र सरकारी सम्पत्ति बिक्री | ६७८६९ | १९०१०० |
| १.१..१०.१० | रोयल्टी | २७७३१ | १३०१०० |
| १.१..१०.११ | खानी रोयल्टी | २२३० | ५००० |
| १.१..१०.१२ | जलश्रोत सम्बन्धी रोयल्टी | ० | ९०१०० |
| १.१..१०.१३ | अन्य रोयल्टी | २५५०१ | ३५००० |
| १.१..१०.२० | बिक्री | ४०१३८ | ६०००० |
| १.१..१०.२१ | सरकारी घर जग्गा बिक्री | १३०६३ | २०००० |
| १.१..१०.२२ | सरकारी सामान बिक्री | ८६७५ | २५००० |
| १.१..१०.२३ | अन्य बिक्री | १८४०० | १५००० |
| १.१.११.०० | साँव फिर्ता | १०९३९२२ | १००९७०० |
| १.१.११.१० | वित्तीय प्रतिष्ठान | २५२०७० | १८०००० |
| १.१.११.२० | व्यापारीक प्रतिष्ठान | २० | १००० |
| १.१.११.३० | औद्योगिक प्रतिष्ठान | १५८८४२ | १००००० |
| १.१.११.४० | सेवा मूलक प्रतिष्ठान | ६७८८९३ | ७२८५०० |
| १.१.११.५० | अन्य | ४०९७ | २०० |
| १.१.१२.०० | दातव्य तथा उपहार विविध आय | १६१४३ | ६३२६० |
| १.१.१२.१० | दातव्य तथा उपहार | ५६ | १५० |
| १.१.१२.२० | विविध आय | १६०८७ | ६३११० |
| | गैर कर राजश्व जम्मा | ६२२५१११ | ९४५९२६२ |
| | राजश्व जम्मा | २७८९३०७८ | ३४३६४१३१ |

अनुसूची ६

साधारण तथा विकास तर्फको व्यय स्थिति

रु. हजारमा

| अनुदान संख्या | विवरण | आ.ब.२०५२।५३ को यथार्थ खर्च | | आ.ब. २०५३।५४ को संशोधित अनुमान | |
|---|---|---|---|---|---|
| | | साधारण | विकास | साधारण | विकास |
| ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरवार | ६४१६५ | ० | ६९६४० | ० |
| १२ | राजपरिषद् | ४५०३ | ० | ५२१४ | ० |
| १३ | संसद | ७१०११ | ० | १०५९६० | ० |
| १४ | अदालत | १९४५५६ | ० | २२४५८० | ० |
| १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ४९०१ | ० | ५५५० | ० |
| १६ | महालेखा परिक्षकको विभाग | २४०४० | ० | २७६२२ | ० |
| १७ | लोक सेवा आयोग | २३०८८ | ० | ३८६१० | ० |
| १८ | निर्वाचन आयोग | ३५८८८ | ० | १८४६२५ | ० |
| १९ | महान्यायाधिवक्तको कार्यालय | ३३२३० | ० | ३९९५९ | ० |
| २० | न्याय परिषद् | १०८२ | ० | १४५५ | ० |
| २५ | प्रधानमन्त्रिको कार्यालय | ४६८६ | ० | ६०६३ | ० |
| २६ | उप प्रधानमन्त्रीको कार्यालय | ० | ० | ० | ० |
| ३० | मन्त्रिपरिषद् | २१५३९ | ० | २६८५७ | ० |
| ३५ | अर्थ मन्त्रालय | २१४९६० | २४०८२२ | २५०१९५ | २८६७८४ |
| ३६ | आपूर्ति मन्त्रालय | ३२८४ | २३४७६६ | ३५१२ | २२४५०० |
| ३७ | आवास तथा भौतिक योजना मन्त्रालय | ७५९६६ | १३२७४०७ | ८७७५५ | १४७३७४० |
| ३८ | उद्योग मन्त्रालय | १८२६०२ | २५२४२० | २३०३९१ | २३०५९८ |
| ३९ | कानून तथा न्या मन्त्रालय | ७८५८ | ० | ११६७५ | ० |
| ४० | कृषि मन्त्रालय | ७६४३९ | १४२०९६३ | ८६६३७ | १५१९५५४ |
| ४५ | गृह मन्त्रालय | २२७८९११ | २९२३ | २६२९२८२ | ४१५६ |
| ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | १३९१ | ११४८६ | ४१६५ | २४५११ |
| ४७ | जलश्रोत मन्त्रालय | ११७०७० | २८६४३८० | ११९३९९ | २६३८५१७ |
| ४८ | निर्माण तथा यातायात मन्त्रालय | १४७८१७ | ३८९२५७५ | १६८४२१ | ४३६८०९५ |
| ४९ | पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | ८१८३७ | २२५०१०८ | १००२६७ | ९२०४९५ |
| ५० | परराष्ट्र मन्त्रालय | ४४८६१२ | ० | ५१७१८८ | ० |
| ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १९५६१३ | २६७४९५ | २०५२७९ | ३१४३९६ |
| ५६ | महिला तथा सामाज कल्याण मन्त्रालय | ३७३०४ | ० | ४२८२५ | १३५३१ |
| ५७ | युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | ९४१२४ | १४३६४६ | ९०५५३ | १६०२११ |
| ५८ | रक्षा मन्त्रालय | २१२७९२७ | ० | २४२४०४८ | ० |
| ५९ | बन तथा भू संरक्षण मन्त्रालय | ४८७५०८ | ३६५९७७ | ५२३५८८ | ३९२८९३ |
| ६० | बाणिज्य मन्त्रालय | १५३४८ | २०००० | १७३०१ | ९९००० |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ६६१६ | ० | १००७२ | ७१९५७ |
| ६५ | शिक्षा मन्त्रालय | ४३१४६७२ | १६९८३७८ | ४९२४८०१ | २१९६२३२ |
| ६६ | सामान्य प्रशासन मन्त्रालय | २८४७१ | ० | ३२८७८ | १४४० |
| ६७ | सूचना तथा सञ्चार मन्त्रालय | ४३६५०१ | ५५४८३ | ५३००७६ | ३६९०१ |
| ६८ | संसदीय व्यवस्था मन्त्रालय | १४८४ | ० | २८८४ | ० |
| ६९ | स्थानीय विकास मन्त्रालय | २३५९७ | ३३६५४३० | २६१०३ | २९०२०३३ |
| ७० | स्वास्थ मन्त्रालय | ८०८८५१ | ९१५४७६ | ९५६४३० | १७८६९६६ |
| ७१ | श्रम मन्त्रालय | १००६८ | ७२५३४ | ११०१३ | ५८४२५ |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३९९०० | २१७६० | ४७४८३ | २२५२६ |
| ८१ | अर्थ मन्त्रालय – आन्तरिक ऋण भुक्तानी | ३४११२३८ | ० | ४१७३०६६ | ० |
| ८२ | अर्थ मन्त्रालय – बैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २५४१६९७ | ० | २७१३८७२ | ० |
| ८३ | अर्थ मन्त्रालय – बैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ७६२५७४ | ० | ७४४१६८ | ० |
| ८६ | अर्थ मन्त्रालय – लगानी बैदेशिक संस्थाहरु | १७३७५ | ० | १७००० | ० |
| ८७ | अर्थ मन्त्रालय – लगानी सार्वजनि संस्था | ० | ५२४६१६१ | ० | ६५०९२०६ |
| ८८ | अर्थ मन्त्रालय – लगानी अन्य | ० | ० | ० | ५३०३५ |
| ९५ | अर्थ मन्त्रालय –विविध | २०८१५४६ | ३१०३४० | २२८२४६० | १३७५०० |
| | जम्मा | २१५६१८५० | २४९८०५३० | २४७२०९२२ | २६४४७२०२ |

आर्थिक बर्ष २०५४।५५ को सेवा र कार्यगत विवरण

साधारण खर्च

| | विवरण | २०५४।५५ को व्यय अनुमान | | | | कूल साधारण खर्चको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | जम्मा बजेट | कर्मचारी खर्च | अन्य खर्च | पूँजीगत खच | |
| १ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० | ० | ०.२६ |
| | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० | ० | ०.२६ |
| २ | संवैधानिक अंगहरु | ५५११६० | ३४४१३३ | १६३६४५ | ४३३८२ | १.९७ |
| | संवैधानिक अंगहरु | ५५११६० | ३४४१३३ | १६३६४५ | ४३३८२ | १.९७ |
| ३ | साधारण प्रशासन | ४०८३३३४ | ३०९३३३२ | ८२६५९३ | १६३४०९ | १४.५९ |
| | सामान्य प्रशासन | १२६२४६७ | ६५३०९४ | ५७७९३४ | ३१४३९ | ४.५१ |
| | प्रहरी | २५२०९४६ | २२१२१८८ | १७७६०८ | १३११५० | ९.०१ |
| | राजश्व तथा आर्थिक प्रशासन | २६३६४५ | १९७४०५ | ६५४२० | ८२० | ०.९४ |
| | योजना | ३६२७६ | ३०६४५ | ५६३१ | ० | ०.१३ |
| ४ | रक्षा | २६२८६०३ | २०८३३३० | ३७९५१८ | १६५७५५ | ९.३९ |
| | रक्षा | २६२८६०३ | २०८३३३० | ३७९५१८ | १६५७५५ | ९.३९ |
| ५ | सामाजिक सेवाहरु | ६७९७५३२ | ११०१४४३ | ५६७१३६३ | २४७२६ | २४.२९ |
| | शिक्षा | ५४४५१०३ | १२९५५६ | ५२९२५४९ | २२९९८ | १९.४६ |
| | स्वास्थ्य | ११२७४५६ | ८६५४९९ | २६१५०२ | ४५५ | ४.०३ |
| | खानेपानी | १२०१६ | ९०७५ | २९४१ | ० | ०.०४ |
| | स्थानीय विकास | १५२०७ | १२०२५ | ३१५७ | २५ | ०.०५ |
| | अन्य सामाजिक सेवाहरु | १९७७५० | ८५२८८ | १११२१४ | १२४८ | ०.७१ |
| ६ | आर्थिक सेवाहरु | २१३१२०७ | १५४४३५१ | ४९००७७ | ९६७७९ | ७.६२ |
| | कृषि | ८३५३४ | ५७७०० | २४१०९ | १७२५ | ०.३० |
| | सिंचाई | १११६७१ | ९६४९० | १४१३६ | १०४५ | ०.४० |
| | भूमिसुधार तथा नापी | २१९४८३ | १७७०१२ | ३७११६ | ५३५५ | ०.७८ |
| | बन | ५५७३८२ | ५२१८४० | ३५५३४ | ८ | १.९९ |
| | उद्योग | २२६७९८ | ३५८२९ | १६६५१४ | २४४५५ | ०.८१ |
| | संचार | ५८२९६९ | ४४७००९ | ९८८४० | ३७१२० | २.०८ |
| | यातायात | २६८५३८ | १७१७२१ | ९५३२८ | १४८९ | ०.९६ |
| | विद्युत | ११२८५ | ७११३ | ४१५६ | १६ | ०.०४ |
| | अन्य आर्थिक सेवाहरु | ६९५४७ | २९६३७ | १४३४४ | २५५६६ | ०.२५ |
| ७ | ऋण भुक्तानी | ८१६९७०० | ० | ८१६९७०० | ० | २९.१९ |
| | आन्तरिक ऋण भुक्तानी | ४२०३२०० | ० | ४२०३२०० | ० | १५.०२ |
| | बाह्य ऋण भुक्तानी | ३९६६५०० | ० | ३९६६५०० | ० | १४.१७ |
| ८ | विविध | ३५४८५०० | २६००००० | ८५८५०० | ९०००० | १२.६८ |
| | विविध | ३५४८५०० | २६००००० | ८५८५०० | ९०००० | |
| | कूल साधारण खर्च | २७९८३४४६ | १०७६६५८९ | १६६३२८०६ | ५८४०५१ | १०० |

अनुसूची ८

## आर्थिक वर्ष २०५४।५५ को सेवा र कार्यगत विवरण (विकास खर्च)

रु. हजारमा

| | विवरण | २०५४।५५ को व्यय अनुमान | | | | कूल साधारण खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | जम्मा बजेट | कर्मचारी खर्च | अन्य खर्च | पूजीगत खर्च | |
| १ | संवैधानिक अंगहरु | ४५०० | १५०० | ३००० | ० | ०.०१ |
| | संवैधानिक अंगहरु | ४५०० | १५०० | ३००० | ० | ०.०१ |
| २ | साधारण प्रशासन | ७७४२२ | ९१७६ | १९१६० | ४९०८६ | ०.२३ |
| क | सामान्य प्रशासन | ३००० | ३९५ | २६०५ | | ०.०१ |
| ख | प्रहरी | ४९६५० | ० | १५४९ | ४८१०१ | ०.१५ |
| ग | योजना | २४७७२ | ८७८१ | १५००६ | ९८५ | ०.०७ |
| ३ | सामाजिक सेवाहरु | १२८०७८०० | ५६१०२८ | २१०२२२९ | १०१४४५४३ | ३७.६३ |
| क | शिक्षा | २६५९४४६ | ११०८९४ | १०२७९२० | १५२०६३२ | ७.८१ |
| ख | स्वास्थ्य | २७१३६९६ | १९८८५३ | ६९१०४७ | १८२३७९६ | ७.९७ |
| ग | खानेपानी | २२२४०६९ | १७९६६० | ५१६६० | १९९२७४९ | ६.५३ |
| घ | स्थानीय विकास | ४२३२४३९ | ६२०८१ | २४६१७९ | ३९२४१७९ | १२.४३ |
| ङ | अन्य सामाजिक सेवाहरु | ९७८१५० | ९५४० | ८५४२३ | ८८३१८७ | २.८७ |
| अ | जनसंख्या तथा वातावरण | २५३१० | २०८० | २०७३० | २५०० | ०.०७ |
| आ | महिला तथा समाज कल्याण | १६३२५ | ४५० | १२८७५ | ३००० | ०.०५ |
| इ | युवा, खेलकुद तथ ।संस्कृति | ६०२०८० | ७४४ | ३६०४९ | ५६५२८७ | १.७७ |
| ई | आवास | ३०१०२१ | ३९४६ | १०९४८ | २८६१२७ | ०.८८ |
| उ | अन्य | ३३४१४ | २३२० | ४८२१ | २६२७३ | ०.१० |
| ४ | आर्थिक सेवाहरु | २०९२९१२६ | ८९८८२६ | २५०९४८१ | १७५२०८१९ | ६१.४९ |
| क | कृषि | २३६२८२७ | ४०३७९६ | १३६४९९८ | ५९४०३३ | ६.९४ |
| ख | सिंचाई | ३१५०८२९ | ९०७६६ | ११४५०९ | २९४५५५४ | ९.२६ |
| ग | भूमिसुधार तथा नापी | २४२४२९ | ६४११७ | ८४४३० | ९३८८२ | ०.७१ |
| घ | बन | ५१५३८६ | १२५२३९ | ५९५०४ | ३३०६४३ | १.५१ |
| ङ | उद्योग | ५८५२१४ | १०२७६५ | १५६८३६ | ३२५६१३ | १.७२ |
| च | संचार | ८९९९८२ | ४८५७ | ६२१४५ | ८३२९८० | २.६४ |
| छ | यातायात | ५३५६०६५ | ४५४२७ | १७४६९८ | ५१३५९४० | १५.७४ |
| | सडक यातायात | ४६६४३२३ | २८३९८ | १०७३४४ | ४५२८५८१ | १३.७० |
| | हवाइ यातायात | ६९१७४२ | १७०२९ | ६७३५४ | ६०७३५९ | २.०३ |
| ज | विद्युत | ६९३३७६७ | ३०१९ | १५९६२ | ६९१४७८६ | २०.३७ |
| झ | अन्य आर्थिक सेवाहरु | ८८२६२७ | ५८८४० | ४७६३९९ | ३४७३८८ | २.५९ |
| अ | पर्यटन | ३१८५७५ | १४५६४ | ८७७५१ | २१६२६० | ०.९४ |
| आ | हावापानी | ९६००३ | १३११२ | ५९९२६ | २२९६५ | ०.२८ |
| इ | आपूर्ति | २२६००० | ० | २२६००० | ० | ०.६६ |
| ई | वाणिज्य | ११६४०१ | १५०० | २६३७६ | ८८५२५ | ०.३४ |
| उ | श्रम | ६३६४८ | २९६६४ | १५८४६ | १८१३८ | ०.१९ |
| ऊ | अन्य | ६२००० | ० | ६०५०० | १५०० | ०.१८ |
| ५ | विविध | २२०००० | १२०००० | १००००० | ० | ०.६५ |
| | विविध | २२०००० | १२०००० | १००००० | ० | ०.६५ |
| | कूल जम्मा | ३४०३८८४८ | १५९०५३० | ४७३३८७० | २७७१४४४८ | १०० |

खर्च रकमगत व्यय अनुमान
आर्थिक बर्ष २०५४।५५

रु. हजारमा

| रकम नं | खर्च रकमको नाम | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|
| | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० |
| | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० |
| | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ७३४१० | ० | ७३४१० |
| | चालु खर्च | २७३२५९८५ | ६३२४४०० | ३३६५०३८५ |
| १ | उपभोग खर्च | १०७६६५८९ | १५९०५३० | १२३५७११९ |
| १.०१ | तलब | ६३७९१०३ | ९६३५०४ | ७३४२६०७ |
| १.०२ | भत्ता | १४०४८७८ | ३२६००३ | १७३०८८१ |
| १.०३ | भ्रमण खर्च तथा दैनिक भत्ता | २५७४९३ | २७१२९१ | ५२८७८४ |
| १.०४ | पोशाक | ३५९२८७ | ४८६५ | ३६४१५२ |
| १.०५ | दाद्यान्न तथा आहार | १२८४४६३ | २४५०७ | १३०८९७० |
| १.०६ | औषधि उपचार | २३१३६५ | ३६० | २३१७२५ |
| १.०७ | सेवा निवृत्त सुविधा | ८५०००० | ० | ८५०००० |
| २ | कार्यालय संचालन र सेवा खच | १५७०४९५ | १७१८०९१ | ३२८८५८६ |
| २.०१ | धारा तथा विजुली | १४२८४९ | १०५६२० | २४८४६९ |
| २.०२ | टेलिफोन ट्रंकल | ९८००६ | ३५९६३ | १३३९६९ |
| २.०३ | अन्य सेवा | १६८०९२ | ४९०५५४ | ६५८६४६ |
| २.०४ | भाडा | २१६०३७ | ६६३६८ | २८२४०५ |
| २.०५ | मर्मत तथा सम्भार | २२६२०९ | १७६३४२ | ४०२५५१ |
| २.०६ | कार्यालय सामान | ८५७०० | ५५२५४ | १४०९५४ |
| २.०७ | अरु माल सामानहरु | १२४१६२ | १५२६४५ | २७६८०७ |
| २.०८ | छपाई | ११६५८६ | ८३५३० | २००११६ |
| २.०९ | पत्र–पत्रिका तथा पुस्तक | १६५३७ | १७५०५ | ३४०४२ |
| २.१० | इनधन सवारीको निमित्त | १११२४७ | ६८५७३ | १७९८२० |
| २.११ | इनधन अन्य प्रयोजनको निमित्त | ५३३६५ | २४२९६ | ७७६६१ |
| २.१२ | औषधि खरिद | १०७५४७ | ३९१६४८ | ४९९१९५ |
| २.१३ | विविध खर्च | १०४१५८ | ४९७९३ | १५३९५१ |
| ३ | अनुदान (चालु ट्रान्सफर) | ६१२९८९६ | २३४२०४० | ८४७१९३६ |
| ३.०१ | मूल्य अनुदान | ० | ८७५८०० | ८७५८०० |
| ३.०२ | संचालन अनुदान | ५४९४१४६ | ७१७४९८ | ६२११६४४ |
| ३.०२ | अन्य अनुदान | ६३५७५० | ७४८७४२ | १३८४४९२ |
| ४ | उत्पादन खर्च | १६६६०५ | ३९२५५ | २०५८६० |
| ४.०१ | उत्पादन सामाग्री / सेवा | १६६६०५ | ३९२५५ | २०५८६० |
| ९ | भैपरी आउने खर्च | ३९०७०० | ६३४४८४ | १०२५१८४ |
| ९.०१ | भैपरी आउने | ३९०७०० | ६३४४८४ | १०२५१८४ |
| १० | साँवा भुक्तानी | ३८२६८०० | ० | ३८२६८०० |
| १०.०१ | आन्तरिक ऋणको साँवा भुक्तानी | १३६१६०० | ० | १३६१६०० |
| १०.०२ | वाह्य ऋणको साँवा भुक्तानी | २४६५२०० | ० | २४६५२०० |
| ११ | ब्याज भुक्तानी | ४३४२९०० | ० | ४३४२९०० |
| ११.०१ | आन्तरिक ऋणको ब्याज भुक्तानी | २८४१६०० | ० | २८४१६०० |
| ११.०२ | बाह्य ऋणको ब्याज भुक्तानी | १५०१३०० | ० | १५०१३०० |
| १२ | फिर्ता खर्च | १३२००० | ० | १३२००० |
| १२.०१ | फिर्ता खर्च | १३२००० | ० | १३२००० |

| | | | | |
|---|---|---|---|---|
| पंजीगत खर्च | | ५८४०५१ | २७७१४४४८ | २८२९८४९९ |
| ५ | पूंजी ट्रान्सफर खर्च | ४८३७५ | १४३७६५ | १९२१४० |
| ५.०१ | जग्गा खरिद | २०८७५ | १४३७१५ | १६४५९० |
| ५.०२ | भवन खरिद | २७५०० | ५० | २७५५० |
| ६ | पूंजी निर्माण | ४८७५४६ | १२४७२८७३ | १२९६०४१९ |
| ६.०१ | फर्निचर | २४४९९ | ६४७८८ | ८९२८७ |
| ६.०२ | सवारी साधन | ५९५३२ | १५३९०४ | २१३४३६ |
| ६.०३ | मेशिनरी औजार | २११८७८ | ४८१२३४ | ६९३११२ |
| ६.०४ | भवन निर्माण र पूजीगत सुधार | १७८२३७ | ९८३९९९ | ११६२२३६ |
| ६.०५ | सार्वजनिक निर्माण र पूँजीगत सुधार | १३४०० | १०७८८९४८ | १०८०२३४८ |
| ७ | लगानी | २५४०० | ८८६००४३ | ८८८५४४३ |
| ७.०१ | शेयर लगानी | २५४०० | २१२७६९५ | २१५३०९५ |
| ७.०२ | ऋण लगानी | ० | ६७३२३४८ | ६७३२३४८ |
| ८ | अनुदान (सब्सिडि) | २२७३० | ६२३७७६७ | ६२६०४९७ |
| ८.०१ | पूँजीगत अनुदान | २२७३० | ६२३७७६७ | ६२६०४९७ |
| कूल जम्मा | | २७९८३४४६ | ३४०३८८४८ | ६२०२२२९४ |